मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २४४ ● २०८० साल असार ३० गते शनिबार ● Saturday 15, July 2023 ● सूर्योदय: बिहान ५:२० बजे ● सूर्यास्त: साँझ ७:२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनकपुरधामले 'मिस' गरिरहेको गृहमन्त्री

मधेशदृष्टि

जनकपुरधाम ।

सिंगो देशभर चर्चा छ नारायणकाजी श्रेष्ठ 'प्रकाश' को अर्थात् उपप्रधानमन्त्री एवम् गृहमन्त्रीको । नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष । नेपाल सरकारका वरिष्ठ उपप्रधानमन्त्री । पुष्पकमल दाहालको पार्टी र सत्तासारथि श्रेष्ठले गृह मन्त्रालय सम्हालेको केही महिनामै माओवादीका 'आसालाग्दा मन्त्री' र देशका 'भरलाग्दा नेता' मन्त्रीको छवि बनाएका चरित्र । आफ्नै पार्टीका नेता दीनानाथ शर्मादेखि पार्टी छाडेर गएका रामबहादुर थापा, टोपबहादुर रायमाझी मात्र होइनन्, सत्ता गठबन्धनका प्रमुख घटक नेपाली कांग्रेसका माथिल्लो वरियताका नेता बालकृष्ण खाणसम्मलाई 'नक्कली भुटानी शरणार्थी प्रकरण'मा 'सक्कली हिरासतको हावा' चखाए 'काजी'ले ।

यस्ता 'दबङ' गृहमन्त्री नारायणकाजी श्रेष्ठले अरु पनि काम गरिरहेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका कैयौँ उजुरीमा अख्तियार नेतृत्वले पूवाग्रह साँधेर काम नगरेको पाइएको छ । अख्तियारका आयुक्तहरु नै यसमा सरिक भएर कैयौँ फाइलहरु गुपचुप थन्क्याउने काम भएपछि नेपाल प्रहरीको सिआइबीमार्फत काम भइरहेको छ । भर्खरै काठमाडौँ मेयर बालेन शाहसँग पनि 'लञ्च' गरेका गृहमन्त्रीको कार्यशैलीलाई सबैले 'सलाम' गरिरहेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरण यो हिसाबले विकसित हुँदै जान्छ भन्ने धेरैलाई अनुमान थिएन । धेरैको अनुमान थियो, 'अदालतले बालकृष्ण खाण र टोपबहादुर रायमाझीलाई धरौटीमा छाड्छ होला ।' तर त्यसो भएन बरु नयाँ आरोपीहरु समातिने क्रम बढ्दो छ ।

पछिल्लो समय अनलाइन जुवा प्रकरणमा प्रहरी राजु मास्टर र बल्छी ध्रुवेसहितलाई समेत ६५ करोड रुपैयाँ बिगो माग्दै मुद्दा दायर भएको छ । पछिल्लो समय ललिता निवास प्रकरणमा धमाधम धरौटी बुझाएर 'मस्त सुकला' भइरहेकाहरुलाई पनि च्याप्प समात्दै अदालतमा म्याद थपाउँदै हिरासतको हावा ख्वाउने काममा प्रहरीले कार्य गरिरहेको छ । यसमा कहीँ न कतै गृहमन्त्रीको 'हरियो झण्डा' विना नेपाल प्रहरी, सिआइबी अघि बढ्यो होला र ? पक्कै यसो नहोला । प्रहरी सरुवा बढुवामा गृहमन्त्रीलाई 'भेटी' चढाउन नपरेपछि गृहमन्त्रीले भनेको मान्न पर्ने चैँ पक्कै होला भन्ने जगजाहेरै छ ।

अब प्रसंगा जोडौँ जनकपुरधामको । वैशाख १७ गते अनुचित लेनदेनसम्बन्धी छानबिनका लागि बनेको आयोगको कार्यालय उद्घाटन गर्न जनकपुर आउँदा गृहमन्त्री श्रेष्ठले कैयौँ 'जनकपुर पहेलु' अझ भनौ 'मधेशद्दश्य' अनुभूत गरेर फर्केका छन् । सुरक्षा निकायसँगको बैठक । मधेशमा सुरक्षा समस्या । स्वयम् मुख्यमन्त्री आफ्नै गाउँमा पाकेटमारबाट लुटिएका घटनासँगै साना हतियारको जोखिम, जनकपुरमा गुठीका जग्गा कब्जा, किनबेच, भूमा फियाको जगजगीबारे गृह मन्त्रीले पक्कै भलिभाँती सूचना पाएकै छन् । तर किन गृहमन्त्री जनकपुरबारे बोलिरहेका छैनन् ? के


नारायणकाजी श्रेष्ठ
गृहमन्त्री

जनकपुरको विषय गृहमन्त्रीले 'अनदेखा' गरिरहेका छन् ? स्थानीयको प्रश्न पनि छ ।

जनकपुरधाममा एउटा गिरोह सक्रिय छ । जसको काम हो, ३० वर्ष पुरानो कागज बनाएर गुठीको जग्गा हडपिरहेको छ । यो विषयमा अख्तियारको मधेश प्रदेशको महोत्तरी र काठमाडौँमा परेका उजुरीमा उनीहरु 'थाहा नपाए झैँ' गरिरहेका छन् । भूमाफियाले अदालत, प्रशासन प्रहरीसँगको सेटिङमा बिघाका बिघा जमीन हडपेका छन् । यसमा माफियाले केही पुजारीलाई नेपाल र भारतको दोहोरो नागरिकताका नाममा 'फसाइदिउँ' कि 'हामीले भने झैँ गर्ने' भनेर धम्काएर दुरुपयोग गरेको पनि सूचना गृहमन्त्री श्रेष्ठसम्म पुगेकै छ । माफियाहरुको बदमासी मसिनोसँग अध्ययन भए पनि गृहमन्त्रीको एक्सन कहिले होला भनेर जनकपुर चासो लिइरहेको छ ।

मुख्यतः मधेश प्रदेशको ८ जिल्लामा सुशासनको अनुभूति भइरहेको छैन । प्रहरी संगठनका अधिकारीहरु पनि बेलाबखत विवादमा मुछिने गरेका छन् । रौतहटमा एक सुरक्षा अधिकारीले कुनै एक पालिकाका लेखापालसँग ४ लाख रुपैयाँ लिएर उनलाई होटलमा बसेर चेक काट्न सुरक्षा दिएको समाचार बाहिरियो । समाचार आएकै दिन रौतहट प्रशासनले ती लेखापाललाई कार्यालयमा हाजिर गरायो । 'कुखुरा हराउनु र स्याल कराउनु' एकैबेला परेपछि धेरै कुरा भनिरहन परेन तर गृहमन्त्रीको सचिवालयले यो सूचनामा ध्यान दियो कि दिएन, मधेशको चासो छ ।

माफिया र डनगिरी बढिरहेको छ । यिनकै आडमा अहिले जनकपुरमा दुई हजार भन्दा बढी घरहरुको न नक्सा छ, न लालपूर्जा छ, न कुनै प्रमाण छन् । वश गुठीको जग्गा कब्जा र घर बनाउने होडबाजीमा माफियाहरु को बढी यसमा लाग्ने भनेर 'लिगलिगे दौड' गरिरहेका छन् । दुई हजार घरपरिवारको विषय के सानो विषय हो र ? मधेश सरकारले नदेखे झैँ गरेको यो विषयमा स्थानीय तहले पनि एक्सन लिन सक्छ । तर सबै नेतृत्व काठमाडौँका बालेन शाह र वीरगंजका राजेशमान सिंहजस्तो नभएपछि गुठीको जग्गामा घर बनाउन लगाउने काममा डन र माफियाहरुको कमाउधन्दा चलिरहेको सूचना गृहमन्त्रीकहाँ पुगेकै छ ।

अख्तियारमा पनि परेका कैयौँ विषयहरुमा छानबिन नभएपछि स्थानीयको अपिल छ, 'सिआइबीमार्फत छानबिन सुरु गरेर डन र माफियालाई 'नक्कली भुटानी शरणार्थी' र 'ललिता निवास' प्रकरण झैँ कारबाहीको दायरामा ल्याउन् । नागरिक समाज र स्थानीय सर्वसाधारण भनिरहेका छन्, 'नारायणकाजीज्यू, हामी तपाईंलाई मिस गरिरहेका छौँ, काठमाडौँमा जस्तै जनकपुरमा एक्सन लिएर सुशासनको अनुभूति गराइदिनुहोस् ।' उसै पनि जनकपुर कोमल मनको बस्ती हो, नागरिकता विधेयक प्रमाणिकरण गर्दा राष्ट्रपति रामचन्द्र पौडेलको अभिनन्दन नै गर्न आतुर थियो । खाली साइत नजुरेको न हो ।

## तीन जना प्रशासकीय अधिकृत सरुवा




मधेशदृष्टि समाचार प्रभाव

**मधेशदृष्टि**

**जनकपुरधाम ।**

'दलालमार्फत नागरिकता बनाउने सुविधा' भन्ने शीर्षकमा राष्ट्रिय दैनिक मधेशदृष्टि पत्रिकामा समाचार प्रकाशित भएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले तीन जना प्रशासकीय अधिकृतलाई कारवाहीस्वरुप सरुवा गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाको नागरिकता शाखाका प्रशासकीय अधिकृत किरण कुमार मिश्र, यमन सुन्दर श्रेष्ठ र सिंहलाल स्याङ्बालाई कारवाहीस्वरुप सरुवा गरिएको जनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय वरिपरि रहेर विचौलियाहरुले सहजरुपमा छिटो छरितो र विनाकुनै झन्झट नागरिकता बनाइदिन्छु भन्दै सेवाग्राहीहरुलाई आफ्नो जालमा फसाउने र व्यवस्थितरुपमा सजिलो हुने गरी करिब २५ हजार रुपैयाँसम्म असुलेर नागरिकता उपलब्ध गराउने ग्यारेन्टी नै लिई विचौलियाहरुले संजाल नै खडा गरेको थियो । प्रशासन कार्यालयमा नागरिकता बनाउन सबै प्रमाण जुटेको खण्डमा पनि १० देखि १५ हजार रुपैयाँसम्म माग्ने गरेको सेवाग्राही मनोहर महतोले बताएका थिए । उनले बिचौलियाहरुमार्फत कर्मचारीदेखि प्रमुख जिल्ला अधिकारीसम्म पैसा पुग्ने गरेको दाबीसमेत गरेका थिए ।

बिचौलियासँगको सेटिंगमा नागरिकता शाखाका प्रशासकीय अधिकृत किरण कुमार मिश्र, यमन सुन्दर श्रेष्ठ र सिंहलाल स्याङ्बाको टेबलसम्म सहयोगीहरुमार्फत आएका कागजात पुर्याउने गरेको खुलासा गरिएको थियो ।

सेवाग्राहीले जनाएअनुसार नागरिकता प्रमाणपत्र बनाउने, प्रतिलिपि निकाल्ने, राष्ट्रिय परिचयपत्र बनाउने जस्ता काममा कर्मचारीले कुनै न कुनै अड्को थाप्छन् ।


तर, केही पैसा दिएमा अड्को फुकाएर काम गराइदिने भन्दै बीचमै बिचौलिया आउने गरेको थियो । प्रशासकीय अधिकृत मिश्रलाई ईलाका प्रशासन कार्यालय यदुकाहा, भुमिसुधार तथा मालपोत कार्यालय धनुषामा स्याङ्बाको कारवाहीस्वरुप सरुवा भएको स्रोतले जनाएको छ ।

## सुतिरहेको अवस्थामा हत्या



**संजय मिश्रा**
**रौतहट ।**

रौतहटमा आफ्नै घरमा सुतिरहेको बेला एकको हत्या भएको छ । जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर ६ स्थित कर्कच कर्मैया बस्ने ३५ वर्षिय जगरनाथ साहको बिहीबार राति आफ्नै घरमा हत्या भएको हो । कोठाभित्र रहेको खाटमा साहको शव फेला परेको रौतहट प्रहरीले जनाएको छ । रौतहट प्रहरीका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले मृतक साहको घाँटीमा धारिलो हतियार प्रहार भएको देखिएको बताए । प्रहरी उपरीक्षक बुढामगरले भने, 'मध्यराति सुतेकै स्थानमा साहको हत्या भएको प्रारम्भिक अनुसन्धानाट देखिएको छ,' उनले अघि थप्दैँ भने, 'घटनापछि मृतक साहका श्रीमती चन्दा साहलाई नियन्त्रणमा लिएर सोधपुछ गरेका छौं ।' प्रहरी शुक्रबार विहान घटनास्थलमा पुगेको थियो । भने हत्या कसले र किन गरेको भन्ने अहिलेसम्म खुलेको छैन । भने मधेश प्रदेश प्रहरी कार्यालयबाट विशेष कुकुरको टिमले समेत घटनास्थलमा अनुसन्धानका कामकारवाहीलाई अघि बढाइएको छ ।शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल रौतहटमा राखिएको छ । यस घटनाबारे अनुसन्धान गर्न मृतकको श्रीमतीसँग सोधपुछ भइरहेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमूख डिएसपि ओमप्रकास खनालले बताए ।




प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सानोठिमी भक्तपुरद्वारा संचालित यस मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि. मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

भर्ना खुल्यो

फारम वितरण :-
मिति: २०८०।०३।२९ देखि
फारम भर्ने अन्तिम मिति :
२०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०४।२४ गते
बिहान ८ बजे

कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने

सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम-४
सम्पर्क नं.-९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ☎ ०४१-५२८०३

# नारायणी अस्पतालको सरसफाइ गर्ने सम्झौता



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालको सरसफाई वीरगंज महानगर पालिकाले गर्ने भएको छ ।
वीरगंज स्थित नारायणी अस्पतालको सरसफाइको जिम्मेवारी आगामी साउन १ गतेदेखि वीरगंज महानगरपालिकाले लिने सहमति भएको हो । वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले गरेको पुर्वघोषणा अनुरुप आज महानगरपालिका र नारायणी अस्पताल विच सरसफाई सम्बन्धी सम्झौता भएको छ । यस सम्झौता पत्रमा नारायणी अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट डा चित्तरन्जन साह र बीरगन्ज महानगर पालिकाको प्रमुख प्रशासकिय अधिकृत लक्ष्मीप्रसाद पौडेलले  हस्ताक्षर गर्नु भएको छ । वीरगंज महानगरपालिकाको मेयर राजेशमान सिंह, पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको उपस्थितमा सम्झौता भएको थियो ।सम्झौता अनुसार साउन १ गतेदेखि नारायणी अस्पतालको बाहिरी क्षेत्रको सम्पुर्ण सरसफाई महानगरपालिकाले गर्ने र यस वापत महानगरपालिकाले अस्पतालसँग कुनै शुल्क नलिने सो सम्झौतापत्रमा उल्लेख गरिएको छ ।नारायणी अस्पतालमा साउन १ गतेदेखि महानगरपालिकाको तर्फबाट १ जना नाइकेको नेतृत्वमा ९ जनाको सरसफाईकर्मी अस्पतालमा परिचालन गरिने सरसफाई शाखाको प्रमुख सर्फुदिन मियाँले जानकारी दिए ।

# रात्री बजारले जगाएको आशा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकामा रात्रि बजार विस्तार हुँदै गएको छ ।
वीरगंजको आदर्शनगर चोकदेखि भाजुरत्न चोकसम्मको क्षेत्रमा शुक्रबार र शनिबार रात्री बजार लाग्ने भएको छ ।
हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार रात्री बजार लगाउने बीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको घोषणा बमोजिम बजार लाग्ने भएको हो ।
देशकै आर्थिक नगरी वीरगंज महानगरको अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले गत चैत्र महिना देखि सुरु गरिएको रात्री बजारमा उपभोक्ता र व्यवसायीहरुको उत्साहजनक सहभागिता देखिएपछि यसलाई महानगरपालिकाले निरन्रता दिँदै आएको मेयर राजेशमान सिंहले जानकारी दिए ।
वीरगंजमा लाग्ने रात्री बजारको कारण विशेष गरी साना व्यवसायीहरु बढी लाभान्वित हुने गरेका छन् ।
यस पटक लाग्ने रात्री बजारमा हस्तकला, खानालाई विशेष प्राथमिकतामा राखिएको हुँदा घरमा बसेर महिलाहरुले निर्माण गरेका हस्तकलाका सामग्री विक्री गर्नका लागि रात्री बजार उपलब्धी पूर्ण हुने विश्वास मेला आयोजकले लिएको ग्रिन सिटी समुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए ।

# नीतिगत भ्रष्टाचार बढेको भन्दै अधिकारकर्मीहरु चिन्तित

**मधेशदृष्टि**
**वीरगंज ।**
बढ्दो भ्रष्टाचार न्युनिकरण र मानव अधिकारको संरक्षणमा हाम्रो भुकिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
शुक्रबार मानवअधिकार एलाईन्स जिल्ला कार्य समिती बाराको आयोजनमा भएको कार्यक्रममा बोल्दै नेकपा एमालेका पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले जिल्लामा नीतिगत भ्रष्टाचार बढ्दै गएको र स्थानीय तहसम्म भ्रष्टाचारले संस्थागत रुपमा धारण गरिरहेको बताए ।
उनले समाजमा मानव अधिकारको हनन्का घटना बढदै गएको हुँदा सुशासन नारामा मात्रै सिमित रहेको बताए ।
कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका उपमेयर भोला अधिकारीले भ्रष्टाचार बिरुद्ध एकतावद्ध भएर पहलकदमी लिनुपर्ने आवश्यक रहेको बताए ।
यस कार्यक्रममा नेकपा एमालेका केन्द्रिय सदस्य तथा मधेश प्रदेश सभा सदस्य मञ्जु थापा, नेकपा एमालेका प्रदेश सदस्य सिता गरुङ्ग, प्रदेश सदस्य मनोज पौडेल, नेकपा एमालेका जिल्ला  सल्लाहकार  अफताब आलम, नगर अध्यक्ष एवम उपप्रमुख भोला अधिकारी, नेकपा एमाले पार्टीका नगर उपाध्यक्ष त्रिलोक ठकुरी, जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा, पुर्व अध्यक्ष संजय साह, वरिष्ठ उपाध्यक्ष मनोज गुप्ता, ईलाका प्रशासन कार्यालय सिमराका निमित्त प्रमुख तारा प्रसाद आचार्य, लगायतकाहरुको समेत सहभागिता रहेको थियो ।

# मालपोत धनुषाका पूर्वप्रमुख झा भ्रष्टाचारी ठहर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
घुससहित पक्राउ परेका मालपोत कार्यालय धनुषाका तत्कालीन प्रमुख सुनिलकुमार झा भ्रष्टाचारी ठहर भएका छन् । पाँच लाख घुससहित पक्राउ परेका झालाई विशेष अदालतले दोषी ठहर गरेको हो । विशेषका न्यायाधीश श्रीकान्त पौडेल र खुसीप्रसाद थारूको संयुक्त इजलासले झालाई भ्रष्टाचार मुद्दामा झालाई दोषी ठहर गरेको हो ।
उनको सजाय निर्धारण हुन भने बाँकी रहेको छ
।जनकपुरधामको भानु चोकमा सेवाग्रहीबाट पाँच लाख घुस लिइरहेको अवस्थामा पक्राउ परेका झाविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०७९ वैशाख १६ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो । जग्गासम्बन्धी हक सफा मुद्दामा फैसला गरिदिन्छु भन्दै उनले सेवाग्रहीसँग ५ लाख घुस लिएको अख्तियारले जनाएको थियो ।

# जनमत पार्टीको केन्द्रीय समिति विस्तार




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले केन्द्रीय समिति विस्तार गरेको छ । विहिबार बसेको पार्टीको सचिवालय बैठकले केन्द्रीय समिति विस्तार गरेको हो ।  यो पटक सो पार्टीको केन्द्रीय समितिमा दुईसय भन्दा बढी केन्द्रीय सदस्य थप गरिएको छ ।
बैठकले १७ सदस्यीय सचिवालय, ३९ सदस्यीय कार्यकारिणी समिति, १४ सदस्यीय राजनीतिक समिति र २१६ जनाको केन्द्रीय समिति बनाउने निर्णय गरेको जनमत पार्टीका कोषाध्यक्ष सुरेन्द्रनारायण यादवले जानकारी दिए ।
केन्द्रीय समितिमा अधिकांश नयाँ सदस्य रहेका छन् ।
यसअघि केन्द्रीय समितिमा रहेका तीन चार जना योपटक सचिवालयमा परेका छन् ।
जनमत पार्टी स्रोतकाअनुसार पार्टीको विधानअनुसार भने केन्द्रीय समितिले अझै पूर्णता पाएको छैन । पार्टीको विधान अनुसार ३५१ सदस्यीय केन्द्रीय समिति बनाउनुपर्छ । अहिले २१६ सदस्यीय केन्द्रीय समिति बनेको छ ।
पछिल्लो समय जसपा नेपालबाट प्रवेश गरेका नेतामध्ये अधिकांश शीर्ष नेतालाई केन्द्रीय समितिमा समेटिएको छ ।
जसपाबाट जनमतमा प्रवेश गरेका नरसिंह चौधरीलाई उपाध्यक्षको जिम्मेवारी दिएको छ भने लोसपाबाट प्रवेश गरेका डा.शरदसिंह यादव सचिवालयमा परेका छन् ।
उनलाई प्रवक्ताको समेत जिम्मेवारी दिइएको छ ।त्यस्तै, हालै लोसपा छाडेर उक्त पार्टीमा प्रवेश गरेका पल्टन ठाकुरलाई पनि राजनीतिक समितिमा राखिएको छ । जसपाबाट प्रवेश गरेका करिमा बेगम, सन्ध्या देव, प्रल्हाद गिरी र  लोसपाबाट प्रवेश गरेका राजेश मिश्रलाई राजनीति समितिमा राखिएको छ ।
जनमतले धनुषाबाट २५ जनालाई केन्द्रिय समितिमा राखेको छ । जसमा पार्टीको केन्द्रिय सचिवालयमा अनिता देवी साह र विशेश्वर प्रसाद साहलाई केन्द्रिय सचिव बनाएको छ भने चारजनालाई क्रमशः शम्भुनाथ साह,इन्दजित कुमार यादव,रानी कुमारी पासवान र रेखा कुमारी मण्डललाई केन्द्रिय कार्यकारीणी समितिमा राखेको छ । त्यसैगरि १९ जनालाई केन्द्रिय समितिमा केन्द्रिय सदस्यको जिम्मा दिएको छ ।

# राजर्षिजनक विश्वविद्यालयप्रति सम्बन्धित निकाय बेखबर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विश्वविद्यालयको सुधारको माग गर्दै विगत केहि दिनदेखि जनकपुरधाम स्थित राजर्षि जनक विश्वविद्यालयका विद्यार्थीहरु आन्दोलीत छन् ।
विद्यार्थीहरुले राजमार्ग घेराउ देखि लिएर जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय समेत घेराउ समेत गरिसकेका छन् ।
यति गर्दापनि सम्वन्धित निकायले अहिले सम्म कुनै चासो लिन सकेका छैन ।
आधुनिक शिक्षाका लागि भन्दै नेपाल सरकारले जनकपुरधाममा राजर्षिजनक बिश्वविद्यालयको स्थापना गरयो तर यहाँ पढाई हुनु भन्दा पनि दैनिक आन्दोलन, तालाबन्दी र यहाँ सम्म कि कुटाकुट समेत भयो, पदाधिकारी विहिन विश्वविद्यालयमा हाल रहेका करिव पाँच सय विद्यार्थीको दैनिकी पढनु भन्दा पनि आन्दोलन गर्नमा व्यस्त देखिएपनि सहउपकुलपती समेत रहेको मुख्यमन्त्री र मधेश सरकार मुखदर्शक बनेको छ ।
आधुनिक शिक्षाका लागि थप एक विकल्प हुने उद्देश्यले सरकारले २०७४ सालमा जनकपुरधाममा प्राचिन मिथिलाका राजा राजर्षिजनकको नाममा बिश्वविद्यालयको स्थापना गरयो ।
२०७४ साल आशिन २६ गते तत्कालीन व्यवस्थापिका संसद्बाट यो विश्व विद्यालय सम्बन्धी विधेयक पारित भएपछि मधेशमा पहिलो विश्वविद्यालयके रुपमा यस्को स्थापना भयो । तर यो विश्वविद्यालय स्थापनाकाल देखि अहिले सम्म कुनै पनि दिन विवाद रहित हुन सकेन ।
यो विश्वविद्यालय मातहत अहिले एकमात्र कलेज
छ ।
विश्व विद्यालयका उच्च पदाधिकारी उपकुलपति र रजिष्टार पनि छैन ।
यस क्याम्पसमा क्याम्पस प्रमुख पनि छैनन् ।
संस्थापक उपकुलपति प्रा. भरत झाको २०७८ पुष २६ गते अवकाश पाएपछि क्याम्पसका प्राध्यापक डा. शैलेन्द्र नारायण मल्लिक उपकुलतपीको जिम्मेवारी सम्हाले पनि अदालतले उनलाई कार्यसम्पादन नगर्न आदेश दिएको र २०७८ फागुन १५ गते देखि बिश्वविद्यालय पदाधिकारी विहिन छ भने क्याम्पस प्रमुख विनोद कुमार कर्ण समेत स्वास्थ्य अवस्था खराब रहेको भन्दै राजीनामा दिएर चार महिना देखि बसेका छन् ।
विश्वविद्यालयका प्रध्यापकहरुले पनि राज्यले अभिभावकत्व ग्रहण गर्न नसक्दा वेहाल भएको बताउछन् ।बिश्वविद्यालयका सहउपकुलपती समेत रहेका मधेशका मुख्यमन्त्रीसंग यस विषयमा बुझन खोज्दा उनको मोबाइल अधिकांश समय बन्द रहने, सचिवालयमा बुझदा उहाँ यस विषयमा बोल्च चाहनु हुन्न भन्दै समय नै नदिने परिस्थिती छ ।
हामिले एक कार्यक्रममा भेटेका मुख्यमन्त्री यादवलाई यस विषयमा प्रश्न गर्न भ्यायौं र उनले भने ।
मुख्यमन्त्री यादवले स्वयम नेपाल सरकारलाई यस विषयमा धेरै पहिला जानकारी गराउँदा समेत केहि नभएको र त्यसपछिको अवस्था बारे आफु पनि जानकार नरहेको र दुई दिन अगाडि शिक्षा मन्त्रीलाई फोन गर्दा सम्र्पक हुन नसकेको बताउछन् ।
मधेशका शिक्षा मन्त्रीको पनि उस्तै बाध्यता सुनियो । उनले पनि संघिय सरकार समस्या समाधान गर्न भन्दा पनि उपकुलपतीको भागबन्डामा अल्मलिएका कारण समस्या रहेको बताउछन् ।बिश्वविद्यालयमा विद्यार्थी, शिक्षक र कर्मचारीहरुले अहिले अध्यन्न अध्यापन र प्रशासनिक काम भन्दा पनि आन्दोलन, सडकमा रयाली र प्रदर्शन र आफै आफैमा कुटाकुट समेत गर्न भ्याएका छन् ।
विद्यार्थीहरु मधेशको राजधानीमा रहेको यस बिश्वविद्याललयमा आएर आफुहरुको भविष्य संकटमा पर्दा समेत मधेश सरकारले केहि गर्न नसकेको बिएससी एलएलटीका विद्यार्थी सन्तोष कुमार यादवको आरोप छ ।
उनको प्रश्न छ, ‘यहाँका नेता विमलेन्द्र निधी, रघुविर महासेठ र जुली महतोको काम कार्यक्रता बनाउने, बढाउने र बचाउने मात्र हो कि यो बिश्वविद्यालय बचाउने पनि हो ?’ विद्यार्थीहरु कहिले मधेश सरकार, कहिले सिडिओ त कहिले जनकपुरधामका मेयरलाई ज्ञापन पत्र बुझाउन पुग्ने गरेका छन् ।विश्वविद्यालयमा बीएएलबी, बीबीए, बीसीए, बीएससीआईटी, बीएमएलटी, बीपीएच, एमबीएसहितका संकाय गरि अहिले कुन पाँच सय ५० विद्यार्थी अध्ययनरत छन् । विवाद र समस्याका कारण यो विश्वविद्यालय स्थापनाको पाँच वर्षमै लडखडाएको छ ।
करीब दुई दशक लामो प्रयासपछि राजर्षि जनक विश्वविद्यालय स्थापना सम्बन्धी विधेयक संसदबाट पारित भएसंगै तत्कालिन प्रदेश २ मा सो विश्व विद्यालय स्थापनाको बाटो खुलेको थियो । २०७४ असोज २६ गते संसदबाट सो विधेयक सर्वसम्मतिले पारित भएको थियो । मधेशको शानको रूपमा प्रचार गर्दै स्थापना भएको विश्वविद्यालयलाई बचाउनका लागि केन्द्र र प्रदेश सरकार ध्यान दिन्छ कि कुर्सी र सत्ता र भागबण्डाको खेलमा धवस्त पार्छ भन्ने कुरा समयले बताउला ।



# ‘लम्पी स्किन’ रोगको प्रकोप



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी पनि लम्पी स्किन रोगको प्रभाव बढ्दै गएको छ । मुलुकको विभिन्न जिल्लामा फैलिएको लम्पी रोगबाट पशु चौपाया मर्न लागेको हो ।
लम्पी स्किन रोगबाट केही दिनदेखि छिन्नमस्ता गाउँपालिका वडा नम्बर ५ को लोखरमस्थित छिन्नमस्ता पोल्ट्री तथा कृषि फर्ममा लम्पीस्किन रोगबाट दुई वटा गाईको मृत्यु भएको थियो भने तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर १ स्थित तिलाठी निवासी हरिदेव झाको गाई पनि लम्पीस्किन रोगबाट मरेको बताए । राजविराज पशु अस्पतालका प्रमुख प्रभातकुमार झाले जनाएअनुसार सप्तरीमा लम्की रोगबाट अहिलेसम्म करिब ३० वटाभन्दा बढी पशु चौपायाको मृत्यु भएको छ । सप्तरी जिल्लाको १८ वटै पालिकामा लम्पी रोगको प्रभाव ३ देखि ५ प्रतिशतमा देखा परेको उनले बताए । सप्तरीको सप्तकोशी र डाकनेश्वरी नगरपालिकामा अन्य पालिका भन्दा बढी प्रभाव परेपनि अहिले अवस्था सामान्य रहेको उनले स्पष्ट पारे । उनले यस रोगले तिरहुत, रुपनी, तिलाठी कोइलाडी गाउँपालिकाका साथै शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिकासहित अन्य पालिकामा समेत यस रोगको प्रभाव बढ्दै गएको छ ।
लम्पी रोगले सबै भन्दा बढी गाई गोरु नै प्रभावित भएको देखिएको छ । यसलाई सुरुमा उच्च ज्वरो आउँने, खाना खान नरुचाउने कमजोरी हुने र शरीर भरि गाँठ–गाँठ जस्ता देखा पर्छन् ।
पशु अस्पतालका प्रमुख झाले यस रोगको भ्याक्सिन निस्किएको भएपनि बजारमा सहजै पाउन सक्ने अवस्था नहुँदा समस्या भएको बताए । तर केही दिनभित्रमा सहजै उपलब्ध हुने समेत उनले बताए ।

# स्थानीय शिक्षा क्षेत्रलाई सुधार गर्न शिक्षकहरु एकजुट

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको फतुवा विजयपुर नगरपालिका शिक्षा क्षेत्रमा देखिएको बेथिति विरुद्ध शिक्षकहरु एकजुट हुनुपर्ने आवश्यकता रहेको औंल्याएका छन् । विद्यालयका प्राध्यापकले सामाजिक सञ्जालको माध्यमले नगरपालिकामा देखिएको बेथितिको भण्डाफोर गर्दै शिक्षक तथा शिक्षिकाहरुलाई एकजुट भई शिक्षा क्षेत्रलाई सुधार गर्न तर्फ अग्रसरता लिन आग्रह समेत गरेका छन् ।

*जिल्ला शिक्षा कार्यलयको रेकर्ड अनुसार अहिले ४० जना भयो । जिल्ला भन्छन् स्थानीयले तलब दिन्छ । स्थानीय तहले नगरसभाबाट निर्णय गरिसकेको ७००० (सात हजर) दिन सकेका छैनन् । अनि बढी कसरी थप्दै छन् त ? यसको जिम्मेवारी कसले लिन्छ ? जुन विद्यालय दिवा खाजाको पैसा छुट्यो । त्यो विद्यालय कहाँबाट मेनटेन गर्दछ । यस्तो बिथिति सुन्ने निकाय फतुवा विजयपुरमा छैन ।*



जिल्लाको फतुवा विजयपुर नगरपालिका माध्यमिक विद्यालय शितलपुरका प्रधानाध्यापक बुनिलाल यादवले फतुवा विजयपुर नगरको बेथिति विरुद्ध एकजुट हुन सम्पूर्ण शिक्षकहरुलाई आव्हान गरेका छन् । पालिकाको नगर शिक्षा संयोजक तथा जनप्रतिनिधिको कार्यशैलीबाट आक्रोशित प्रधानाध्यापक यादवले आफ्नो आधिकारिक सामाजिक सञ्जाल फेसबुक मार्फत नगरका सम्पूर्ण शिक्षकहरू एकजूट हुन आग्रह गरेका हुन् ।
उनले फेसबुकमा लेखेका छन्, ‘मावि सितलपुरमा दरबन्दीको हकमा मावि शिक्षक १ जना र प्रावि शिक्षक ३ र विद्यालय कर्मचरी ३ जना छन् ।
फतुवा विजयपुर नगर पालिका अन्तर्गत शैक्षिक सुदृढिकरण अनुदान ७ जना शिक्षक बराबरको मावि अनुदान र ५ जना शिक्षक निमाविको अनुदान संघीय सरकारबाट आएको थियो । जुन दुई वटा विद्यालयमा सिमित रह्यो । जुन विद्यालय दुई शैक्षिक सत्र पनि पुरा गरेको छैन, त्यसमा गयो । दिवा खाजाको पैसा कुन विद्यालयमा गयो कि किराना पसलको खातामा त्यसबारे जानकारी उनलाई नै थाहा होला । शितलपुर माविमा एउटा मावि अनुदानको शिक्षक कार्यरत हुँदाहुँदै पनि उसको तलब फ्रिज भयो रे ! दिवा खाजाको किराना पसलको पैसा तलबबाट दिनु रे ! वार्षिक अनुगन गरी राखेको रेकर्ड कुन फाइलमा राखेको हो, थाहा छैन । पाठ्य पुस्तकको पैसा कुनै विद्यालयमा पुरा पुगेन । त्यस्तै बाल विकासको संख्या २३ जना थियो । जिल्ला शिक्षा कार्यलयको रेकर्ड अनुसार अहिले ४० जना भयो । जिल्ला भन्छन् स्थानीयले तलब दिन्छ । स्थानीय तहले नगरसभाबाट निर्णय गरिसकेको ७००० (सात हजर) दिन सकेका छैनन् । अनि बढी कसरी थप्दै छन् त ? यसको जिम्मेवारी कसले लिन्छ ? जुन विद्यालय दिवा खाजाको पैसा छुट्यो । त्यो विद्यालय कहाँबाट मेनटेन गर्दछ । यस्तो बिथिति सुन्ने निकाय फतुवा विजयपुरमा छैन । शिक्षक नेताहरुको मोल लगाएको छ, हाकिम र एकाउन्टेन्टको यस्तै रबैयाको घोर बिरोध गर्दछु । हुन सक्छ ममा पनि कमी कमजोरी होला ।यस्तो शिक्षकको मनोदशा बुझ्दा यो नगरपालिकामा काम गर्न कठिन नै भएको देखियो ।’
प्रधानाध्यापक बुनिलाल यादवले सामाजिक सञ्जाल फेसबुकको माध्यमबाट पालिकाको कर्तुतको भण्डाफोर गर्दै आम शिक्षक तथा शिक्षिकाहरुसंग यस्ता खाले बितिथिको विरुद्ध एक जुट भएर सशक्तढंगले अवाज उठाउन आह्वान गरेका छन् ।

# सप्तकोशीमा ट्रक खस्यो तीन जनाको उद्धार



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तकोशी नदीमा मालवाहक ट्रक खसेको छ । भने ट्रकमा रहेका तीन जनाको सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ ।
पश्चिमबाट पूर्वतर्फ जाँदै गर्दा मे १ ख ३००७ नम्बरको मालवाहक ट्रक र पूर्वबाट पश्चिमतर्फ आइरहेको मे १ ख १७६५ नम्बरको यात्रुवाहक बस आपसमा ठोक्किँदा ट्रक सप्तकोशी नदिमा खसेको थियो । विपरित दिशा तर्फबाट आइरहेको दुई ट्रक एकआपसमा ठोक्किँदा सप्तरी र सुनसरीको सीमा छुट्याउने कोशी ब्यारेजको पुलको १० नम्बर ढोका अगाडिबाट ट्रक सप्तकोशी नदिमा खसेको सुनसरीका प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए ।
प्रहरी उपरीक्षक ढकालले दिएको जानकारी अनुसार प्रहरी र स्थानीयको सहयोगमा ट्रकमा सवार तीन जनाको सकुशल उद्धार गरिएको छ । १० नम्बर ढोका अगाडिको पुलबाट नदीमा ट्रक खस्दा पुलको १० फिट पर्खालमा समेत क्षति पुगेको उनले बताए । बसका यात्रुहरू भने सकुशल रहेको उनले बताए । उनले नदीमा खसेको मालवाहक ट्रकबाट सामान नदीमा बगेको तथा ट्रकलाई निकाल्ने प्रयास भइरहेको बताए ।

# एमाले नेता सवार गाडी दुर्घटना



**मधेशदृष्टि**
**सप्तरी ।**
नेकपा एमालेको सप्तरी जिल्ला कमिटीका नेताहरू चढेको गाडी दुर्घटनामा पर्दा करिब आधा दर्जन घाइते भएका छन् ।
एमालेका केन्द्रीय सचिव योगेश भट्टराईले जनाएअनुसार एमाले जिल्ला कमिटी सप्तरीको बैठकका लागि राजविराज पुग्ने क्रममा छप्कीमा गाडी दुर्घटना भएको हो ।
दुर्घटनामा परी एमाले सप्तरी जिल्ला कमिटीका सदस्यहरू किरण पन्थ, हरिहर बस्नेत, भुवन केसी, सुनिता कटुवाल र बच्चुलाल चौधरी घाइते भएको उनले जानकारी दिए । उनीहरूको राजविराज स्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको सचिव भट्टराईले बताए ।

# पानी परेपछि किसान रोपाइँमा व्यस्त



**मधेशदृष्टि**
**सर्लाही ।**
पर्याप्त वर्षात नहुँदा पीडामा रहेका किसानहरु अहिले उत्साहित बनेका छन् । आकाशे पानीको भरमा रहेका किसानहरु अहिले आएर खुसी छन् । निरन्तररुपमा वर्षात हुन थालेपछि सर्लाहीमा किसानहरु धमाधम धान रोपाइँमा व्यस्त हुन थालेका छन् । रोपाइँका लागि खेतका फाँटमा ट्याक्टर र किसानहरुको बाक्लो मात्रामा धान रोपाइँमा व्यस्त छन् । यहाँ पानी पर्न रोकिँदा धान रोपाइँ ठप्प भएको थियो । बिहीबारबाट निरन्तररुपमा पानी पर्न थालेपछि किसानहरु धान रोपाइँमा व्यस्त हुँदै उत्साहित भएका छन् ।
रोपिसकेको रोपोलाई पनि वर्षातको पानीले फाइदा पुगेको छ ।
सर्लाहीको बागमती, लखन्देही, कालिन्जोर, फूलजोर, बाँकेलगायतका खोलामा अहिले बाढी आएको छ । यस वर्षातको पानीले उखु बाली, सुत्ला च्याप्न लागेको मकैलगायतका अन्य हिउँदे बालीलाई फाइदा पुगेको छ ।
हरियो तरकारी बालीमा भने पानी जमेर क्षति गरेको किसानले बताएका छन् । पानी पर्दा हरियो तरकारी धेरै नै नष्ट हुने हुँदा यहाँको लालबन्दी, हरिवन, मलंगवालगायतका हाटबजारमा तरकारीको मूल्य दोब्बरले बढ्दा उपभोक्ता मारमा परेका छन् ।

# भानु जयन्तीमा कविता प्रतियोगिता




**मधेशदृष्टि**
**सर्लाही ।**
२१० औँ भानु जयन्तीका अवसरमा खुल्ला बहुभाषिक कविता वाचन प्रतियोगिता सम्पन्न भएको छ ।
शुक्रबार सर्लाहीको सदरमुकाममा नेपाल मिथिला प्रज्ञा प्रतिष्ठान मलंगवासँग समन्वय गरी मलंगवा नगरपालिकाले भानु जयन्ती मनाउँदै खुल्ला कविता वाचन प्रतियोगिता गरेको हो । यस प्रतियोगितामा चन्द्रशेखर प्रसाद रस्तोगी पहिलो, सिंहेश्वर सिंह दोस्रो र सन्तोष कर्ण तेस्रो भएका छन् । पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गरेका श्रष्टालाई क्रमशः दस हजार रुपैयाँ, सात हजार रुपैयाँ र पाँच हजार रुपैयाँ नगद तथा सम्मानसहित प्रमाण–पत्रसमेत प्रदान गरिएको छ । यस कविता प्रतियोगितामा २२ जना स्रष्टाले सहभागिता जनाएका थिए । भने त्यसबाहेक मलंगवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमसहित अन्य सर्जकले समेत कविता वाचन गरेका थिए ।
स्थानीय श्रष्टालाई प्रोत्साहन गरी बहुभाषिक प्रतिभा, भाषा र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले कविता वाचन प्रतियोगिता आयोजना गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए ।
यस कविता प्रतियोजिता कार्यक्रमको नगरप्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षता तथा मधेश प्रदेशसभाका सदस्य कौशलकिशोर रायको प्रमुख आतिथ्यतामा आयोजना गरिएको थियो भने संयोजन शिक्षा शाखाका प्रमुख प्रमोद मण्डल तथा सञ्चालन सूचना अधिकारी राजकुमार अधिकारीले गरेका थिए ।

# यौन दुर्व्यवहारको आरोपमा पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बाल यौन दुर्व्यवहारको आरोपमा बारामा एक युवकलाई पक्राउ गरेको छ ।
जिल्लाको निजगढ नगरपालिका वडा नम्बर २ स्थित सिंगौलबाट बाल यौन दुर्व्यवहार गरेको आरोपमा बारा प्रहरीले मनोज राईलाई पक्राउ गरेको हो ।
गत असार २५ गते १३ वर्षिया बालिकालाई आरोपित राईले यौन दुर्व्यवहार गरेको जनाइएको छ । आरोपित राईले सोमबार पसलमा रहेकी बालिकालाई यौन दुर्व्यवहार गरेको भन्दै प्रहरीमा निवेदन परेको थियो ।
यस घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# हत्याहिंसा बढेको भन्दै अविलम्ब नियन्त्रण गर्न ध्यानाकर्षण

**सञ्जय मिश्रा**
**असार ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले रौतहटमा भइरहेको अपराधिक घटनाहरु श्रृंखलावद्ध बढिरहेको भन्दै अविलम्ब नियन्त्रण गर्न गृह मन्त्रालयलाई ध्यानाकर्षण गराएका छन् ।
शुक्रवार सदनमा बोल्दै पुर्वमन्त्रीसमेत रहेका अध्यक्ष तथा तथा रौतहट क्षेत्र नम्बर ३ का निर्वाचित सांसद प्रभु साहले रौतहटको देवाही गोनाही नगरपालिकाको कर्कच निवासी जगरनाथ साहको हत्यारालाई अविलम्ब पक्राउ गरी कारवाहीको दायरामा ल्याउन गृह प्रसासनसंग जोडदार माग गरेका छन् ।
यता केहीदिन अघि मौलापुर नगरपालिका सोनरनियामा खेतमा कोदालो चलाउँदा चलाउँदै मृत्य भएका एक विपन्न मजदुरलाई राहत उपलब्ध गराउनसमेत नेता साहले सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।
त्यस्तै मौलापुर नगर क्षेत्रमा केही दिन अघि एकजना आमा छोरीको हत्या भएको थियो । यस विषयमासमेत उनले गृह प्रशासनको ध्यानाषर्ण गराए । नेता साहले राज्यको गैर



जिम्मेवार भूमिका र विद्युत प्राधिकरणको गैरजिम्मेवारको कारण यस आर्थिक वर्षमा एकदर्जन मानिसको ज्यान गएको बताए ।
त्यसलाई मृत्यु भन्ने की हत्या भन्ने भन्दै चिन्तासमेत उनले व्यक्त गरे । उनले भने, ‘म प्रश्न गर्न चाहन्छु ।’
त्यस्तै कालिमाटी र बालाजु तरकारी बजारमा कानुन विपरित म्याद थपिएको विषयमा कृषिमन्त्री बेदुराम भुषालसँग जवाफ माग गरेका छन् । उनले कानून विपरित म्याद थपेर करोडौँ रुपैयाँको चलखेल भएका कुरा बाहिर आएको भन्दै यस विषयमा सदनमा स्पष्ट पार्नका लागि उनले माग गरे ।
उनले भने, ‘कृषि मन्त्रालय मातहतका कालिमाटी र बालाजु तरकारी बजारका सटरहरुको कानूनविपरित म्याद थप्ने काम भएको छ । करोडौंको खेल भएका छन् । अहिले हामी कानूनी शासनको कुरा गर्दछौँ । सरकारले सुशासन कायम गरिराखेको भन्छ ।’ उनले अघि थप्दैँ भने, ‘कृषिमन्त्रीलाई म सोध्न चाहन्छु, कुन कानून अन्तर्गत कालिमाटी तरकारी बजारको म्याद थप्नुभयो ? समाचारमा करोडौँ र अर्बौं रुपैयाँको चलखेल भएको भन्ने लेखिएको छ । त्यो विषयमा यो सदन आश्वस्त हुन चाहन्छ । यो के हो ? यो कुन काण्ड हो ? कृषिमन्त्रीले सदनलाई आश्वस्त गर्नुपर्छ ।’

# किसानलाई कृषि सामग्री वितरण



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिकाले पशुपालनका लागि किसानलाई विभिन्न सामग्री वितरण गरेको छ ।
शुक्रबार लहान नगरपालिका कार्यालयको पशु शाखाका प्रमुख रामकृष्ण यादवले जनाएअनुसार २२ जना किसानलाई परालको कुटी काट्ने मोटर जडानसहितको मेसिन, १० जना किसानलाई दूध राख्ने डिफ्रिज २२ जना किसानलाई दूध राखेर बेच्ने भाँडो, पाँच जना कृषक समूहलाई उन्नत जातको बोका र न्यू राधे डेरीलाई ५० प्रतिशत अनुदानमा एक हजार लिटरको चिलिङ भ्याट मेसिन वितरण गरिएको छ ।
उन्नत जातको बोका पाएपछि बाख्रा पालनका लागि निकै सहयोग मिलेको रामचन्द्र चौधरीको भनाइ छ ।
पशुपालनतर्फ किसानलाई उत्साहित र प्रोत्साहित गर्न गाई भैंसी कुखुरा र बाख्रा पालनको लागि आवश्यक तालिमलगायतका कार्यक्रम बनाउन पशु शाखालाई निर्देशन दिइएको मेयर महेशप्रसाद चौधरीले जनाएका छन् ।
सहरी क्षेत्रमा पशुहाट बजार व्यवस्थापन र कृषकले उत्पादन गरेको धान गहुँ र आँप खरिद बिक्री बजारलाई समेत व्यवस्थापन गरेर उत्कृष्ट किसानलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याउनुपर्ने किसानले माग गर्दै लहान नगरपालिकाको कृषि शाखा र पशु शाखालाई ध्यानाकर्षणसमेत गराएको छ ।


# मुद्दा चलेसँगै मनोज दास पुनः पक्राउ



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा मिटरब्याजीसम्बन्धी मुद्दा चलेपछि मनोजकुमार दासलाई प्रहरीले पुनः पक्राउ गरेको छ ।
जिल्लाको राजविराज नगरपालिका वडा नम्बर ६ बस्ने मनोजकुमार दासलाई मिटरब्याजीको आरोपमा गए राति नै प्रहरीले पुनः पक्राउ गरेको हो ।
असार २० गते नै ४२ वर्षिय दास विरुद्ध अनुचित लेनदेन (मिटरब्याजी) तथा आपराधिक विश्वासघात सम्बन्धि मुद्दामा उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
यस मुद्दामा पक्राउ पुर्जी जारी भएपछि गए राति उनलाई नियन्त्रणमा लिइएको सप्तरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।
आरोपित दासमाथि थप अनुसन्धान भइरहेको उनले बताए ।
यसअघि मिटरब्याजीको आरोपमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेका दासलाई असार १० गते पनि प्रहरीले नियन्त्रणमा लिएको थियो ।

**गरिबीको कारण सम्पत्तिको कमी होइन, चाहनाहरु धेरै भएर हो । -प्लेटो**

# भानुभक्तको घर खण्डहर




**कृष्ण न्यौपाने**

तनहुँको भानु नगरपालिका–४ चुँदीरम्घा शिखर कटेरीमा भानुभक्तको घर खण्डहर अवस्थामा छ । माटो र ढुङ्गाले बनेको घरको गाह्रो चारैतिर भत्केर भग्नावशेषमात्र बाँकी छ । घरभित्रै ठूला–ठूला काँडासहितका बिरुवा हुर्केका छन् । भग्नावशेष हेर्दा घरको भित्ताजस्तो पनि देखिँदैन ।

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घामा यही वर्ष घर पुनःनिर्माणको काम सुरु गर्ने तयारी गरिएको छ । भानु नगरपालिका–४ चुँदीरम्घा शिखर कटेरीस्थित खण्डहर बनेको पुरानो घर भएको ठाउँमा नयाँ घर पुनःनिर्माणको तयारी गरिएको हो ।

भानुभक्त आचार्यको सम्मानमा स्थापना गरिएको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले आगामी आर्थिक वर्ष २०८०÷८१ भित्रै घर पुनःनिर्माणको काम सुरु हुने समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले बताए ।

घर पुनःनिर्माणका लागि बजेटको स्रोत सुनिश्चित नभए पनि समितिकै आन्तरिक कोषबाट भए पनि काम सुरु गरिने रानाभाटको भनाइ छ । उनले भने, 'कङ्क्रिटको घर बनाउन नसकिए पनि ढुङ्गा माटोको भए पनि घर निर्माणका लागि काम सुरु हुन्छ, नगरपालिका, प्रदेश र सङ्घ सरकारलाई पनि घर निर्माणका लागि सहयोगको अपिल गर्छौं ।'

पश्चिमाञ्चल विकास मञ्चले भानुगृह निर्माणका लागि २०७३ चैत २२ गते शिलान्यास गरे पनि काम सुरु हुनसकेको छैन । अब समिति भने विकास मञ्चको भर नपर्ने रानाभाटको भनाइ छ । उनले भने, 'विकास मञ्चको भर पर्दा अपजसमात्रै भयो, अब हामी आफ्नै सक्रियतामा काम सुरु गर्छौं ।'

भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास गरिएको छ । रानाभाटले भने, 'आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृहजिल्लामै भानुभक्तलाई उपेक्षित गरियो कि भन्ने भान हामीलाई हुन्छ । घर पुनःनिर्माण गर्न सकिए यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुने विश्वास छ ।'

पश्चिमाञ्चल विकास मञ्चले भानुगृह निर्माणका लागि स्वामित्व ग्रहण र पूर्वाधार अभावको मुख्य समस्या देखिएपछि काम सुरु गर्न नसकिएको जनाएको छ । भानुगृह निर्माण गर्ने ठाउँ सामुदायिक वनभित्र रहेकाले सुरक्षाको पनि समस्या देखिएको छ । विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा यादव खरेलले 'आदिकवि भानुभक्त' चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर एक लाख रुपैयाँमा पुनःनिर्माण गरेका थिए । जङ्गलबीचको खरको छानाको घरमा २०६१ जेठमा आगलागी हुँदा एक लाख २७ हजार रुपैयाँको क्षति भएको थियो ।

भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले राष्ट्रिय विभूतिको अलपत्र रहेको घर पुनःनिर्माणका लागि नगरपालिका प्रयासरत रहेको बताए । भानु जन्मस्थललाई भानुधामका रूपमा विकास गर्ने नगरपालिकाको योजना रहेको उनको भनाइ छ ।

भानुभक्त जन्मस्थल विकास समितिले गत वर्ष शिखर कटेरीमा पानी र बत्तीको व्यवस्था गरेको छ । शिखर कटेरीमा नै रामायण भवन निर्माण सम्पन्न भइसकेको छ । पर्यटन मन्त्रालयको तीन करोड रुपैयाँ लगानीमा रामायण भवन निर्माण गरिएको हो । रामायण भवनलाई आकर्षकरूपमा बनाइएको छ । भवनको बार्दली काठमा कुँदिएको कलात्मक छ ।

भानुभक्तको योगदानको कदर गर्दै चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल बनाउने भनेर योजना बनाइए पनि कार्यान्वयन नभएकामा सरोकारवालाको गुनासो छ । गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्चमा आबद्ध रोमाकान्त पोख्रेलले नेपाली भाषाको एकीकरण गर्ने भानुभक्तको सम्मान हुन नसक्नु दुःखद् भएको बताए ।

**भानु जन्मस्थललाई सप्तधाममा विकास गरिने**

भानुभक्त जन्मस्थल विकास समितिले आदिकविको जन्मस्थललाई प्रचार–प्रसार गरी साहित्यिक पर्यटनका रूपमा देश–विदेशमा परिचित गराउन विभिन्न संरचना निर्माण थालेको छ । तर पर्याप्त बजेट नहुँदा त्यसले मूर्तरुप पाउन सकिरहेको छैन ।

आन्तरिक तथा बाह्य पर्यटनका लागि आफ्नै स्वामित्वमा रहेको १४ रोपनी जग्गामा भानु स्मृति पार्क निर्माण भइरहेको विकास समितिका कार्यकारी निर्देशक रानाभाटको भनाइ छ ।

चुँदीरम्घालाई सप्तधामका रूपमा विकसित गर्नका लागि गुरुयोजना बनाउने तयारी थालिएको रानाभाट बताउँछन् । 'पर्यटकलाई आकर्षित गराउन चुँदीरम्घामा केही संरचना र विकासका काम गर्नुपर्नेछ, त्यसका लागि समितिसँग बजेट छैन,' रानाभाटले भने, 'चुँदीरम्घाको विकासका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरेका छौ ।'

भानु जन्मस्थल क्षेत्रमा थप केही पूर्वाधार निर्माण गर्नका लागि गुरुयोजनाअनुसार तीन करोड रुपैयाँ बजेट लाग्ने देखिएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय, भानु संस्कृत मावि र भानु संस्कृत विद्यापीठमा कच्चीबाटो रहेकाले वर्षायाममा आवतजावत गर्न कठिनाइ भएकाले कालोपत्र, पक्की नालाका लागि बजेट आवश्यक रहेको रानाभाट बताउँछन् ।

दुई सय दशौँ भानु जयन्तीका अवसरमा आज चुँदीरम्घामा विविध कार्यक्रम हुँदैछ । समितिको आयोजनामा प्रभातफेरी, प्रवचन, पुरस्कार वितरणलगायतका कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डको उपस्थिति रहने आयोजकले जनाएको छ ।

## साताको कविता



• धिरेन्द्र प्रेमर्षि

मुख्य विजेता बनबा जोगर भलहि ने भेटलह 'भोट'
खुआक' जगतक मूह मिठौलह मिथिलाकेर अमोट

देखि–सूनिक' हमरोसभकेँ भेटल हौ 'सन्तोष' परम
अपन हुनरसँ देशक नाँ चमकेबासँ बढि कोन धरम !

कहू अहीँसभ संसारहिमे हएत एहनसन वीर के ?
मड़ुआ जे कि कुअन्न कहाबै तकरो बनबै खीर जे

अपने 'बगिया' लण्डन गमकल नाम नेवारी 'योमरी'
सगर देशकेँ जोडि जगतमे परसैक वर्णन की करी !

काजो ओहने अनमन तोहर दिव्य सुदर्शन रूपसन
बजैत देखलियह माइक छाती होइत छलैए सूपसन

की जँचैत छह मुस्किआइत छवि नेपाली शिरपागमे
जीहक बाटे गेलह तोँ दिलदिल, बैसि गेलह अनुरागमे

# आइपिएसमा प्रदेशको पहुँच महत्वपूर्ण



टीकाराम सुनार

लेखकद्वय



चन्दन ठाकुर

देश सङ्घीय संरचनामा गइसकेपछि सबैजसो प्रदेशले प्रदेश लोकसेवा आयोग गठन गरी प्रदेश तथा स्थानीय तहमा आवश्यक कर्मचारी भर्ना तथा बढुवाको काम सुरु गरिसकेका छन् । मधेश प्रदेश त आफ्नै निजामती सेवा ऐन बनाउने पहिलो प्रदेश थियो । यहाँ विसं २०७७ फागुन २८ मा 'प्रदेश निजामती सेवा ऐन, २०७७' प्रमाणीकरण भई लागू गरिएको थियो । अझ सो ऐन बनाउनुअघि नै मधेश प्रदेशसभाले 'प्रदेश लोकसेवा आयोग ऐन, २०७६' बनाएर विसं २०७६ भदौ २२ गते मधेश प्रदेश लोकसेवा आयोग गठन गरिसकेको थियो ।

आयोगले प्रदेश निजामती र प्रदेशभित्रका स्थानीय तहका विभिन्न सेवा समूहका पदपूर्तिका लागि प्राप्त मागअनुसार उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्दै आएको छ तर त्यसरी नियुक्त भएका कर्मचारीले आफ्नो वैयक्तिक विवरण अभिलेखका लागि पिआइएस नम्बरसमेत पाउन सकेका छैनन् । अब भने सङ्घीय सरकारको राष्ट्रिय किताबखाना (निजामती)ले प्रादेशिक पिआइएस पोर्टल मधेश प्रदेश सरकारलाई हस्तान्तरण गरेसँगै प्रदेशमै वैयक्तिक विवरणसहितको अभिलेख राख्ने बाटो खुलेको छ ।

बिहीबार प्रदेश प्रमुख हरिशङ्कर मिश्र र मुख्यमन्त्री सरोजकुमार यादवको उपस्थितिमा राष्ट्रिय किताबखाना (निजामती)को तर्फबाट उपनिर्देशक सुशीला अर्याल र मधेश प्रदेश सरकारको तर्फबाट मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका निमित्त प्रमुख सचिव किशोरकुमार चौधरीले एक समझदारीपत्रमा हस्ताक्षर गरेसँगै प्रदेश कर्मचारीहरूको विवरण अद्यावधिक गर्ने बाटो खुलेको हो ।वैयक्तिक सूचना प्रणाली (आइपिएस) पोर्टल लामो समयपछि हस्तान्तरण हुनुलाई यहाँ एक ऐतिहासिक कार्य भन्दै सरोकारवालाले खुसी व्यक्त गरेका छन् । समझदारीपत्र आदान–प्रदान तथा पोर्टल हस्तान्तरण समारोहमा प्रदेश प्रमुख मिश्रले प्रदेश तथा स्थानीय कर्मचारीको वैयक्तिक विवरणका लागि काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य भएकामा खुसी व्यक्त गर्दै यसको पूर्ण र व्यवस्थित सञ्चालनका लागि प्रदेश सरकारले उचित ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा मुख्यमन्त्री यादवले सङ्घीयताको सबल कार्यान्वयनका लागि मधेश प्रदेश तथा मातहतमा रहेका कर्मचारीको व्यक्तिगत विवरण प्रदेशले नै राख्ने विषय एक ऐतिहासिक सफलता भएको धारणा राखे । 'मधेश प्रदेश सरकारले पहिलोपटक निजामती कर्मचारी, प्रदेश लोकसेवा र प्रहरी ऐन बनाउने हिम्मत गरेको थियो । यसमा तत्कालीन प्रदेश प्रमुख तिलक परियारको भूमिका पनि स्मरणीय छ,' मुख्यमन्त्री यादवले भने, 'ढिलै भए पनि कर्मचारीको वैयक्तिक विवरणसम्बन्धी सम्पूर्ण कार्य गर्न सूचना प्रणाली नै प्रदेशलाई हस्तान्तरण गर्नु एक अर्को ऐतिहासिक उपलब्धिका रूपमा लिएको छु ।'

कार्यक्रममा मधेश प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी, मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरलगायतले प्रदेश कर्मचारीको व्यक्तिगत अभिलेख प्रभावकारी ढङ्गले राख्न र अन्य प्रदेशलाई समेत उदाहरणीय सन्देश दिने गरी कार्य गरेर देखाउन सम्बद्ध पक्षलाई आग्रह गरे । मधेश प्रदेश कर्मचारीको व्यक्तिगत विवरणको अभिलेखका लागि पिआइएस पोर्टल प्राप्त गर्ने चौथो प्रदेश हो । यसअघि बागमती, गण्डकी र कोशी प्रदेशलाई समेत पोर्टल हस्तान्तरण गरिसकिएको छ ।

राष्ट्रिय किताबखाना (निजामती)का उपमहानिर्देशक अर्यालले पनि पोर्टल हस्तान्तरण भएसँगै लामो समयसम्म कर्मचारीको वैयक्तिक विवरण राख्न नसकेका प्रदेश र स्थानीय तहका हजारौँ कर्मचारीको विवरण अद्यावधिक हुने बताइन् ।

**वैयक्तिक सूचना प्रणाली यस कारण महत्त्वपूर्ण**

नेपालको संविधानले सङ्घीय व्यवस्थानुरुप तीन तहको संरचनासहित अधिकारको बाँडफाँट र जिम्मेवारी तोकेको छ । सोहीअनुसार सङ्घीयता कार्यान्वयन गर्न राजनीतिक सङ्घीयताको कार्यान्वयनले मूर्तरुप लिइसकेको छ भने केही सवालबाहेक वित्तीय सङ्घीयता पनि कार्यान्वयनमा छ । तर सङ्घीयताको महत्त्वपूर्ण पाटोका रूपमा रहेको प्रशासनिक सङ्घीयताको कार्यान्वयनका सन्दर्भमा निजामती कर्मचारीको समायोजनबाहेक अन्य काम समयमै हुनसकेका छैनन् । तथापि प्रशासनिक सङ्घीयतालाई कार्यान्वयन गर्ने सवालमा प्रदेशले आफ्नो एकल अधिकारभित्र पर्ने प्रदेश निजामती सेवासम्बन्धी ऐन बनाई आवश्यक कार्य गर्न तदारुकता देखाएका छन् ।

मधेश प्रदेशमा पनि प्रदेश निजामती सेवा ऐन र सोसम्बन्धी नियमावलीअनुसार प्रदेश लोकसेवा आयोगले आफ्नो काम सुरु गरिसकेको छ । आयोगका अध्यक्ष यादवले चार सय २१ विज्ञापनमार्फत पाँच सय २८ खुला र तीन सय तीन बढुवा प्रक्रियामार्फत आठ सय ३१ कर्मचारीको व्यवस्थापन गरिएको जानकारी दिए । 'लोकसेवा र किताबखानाको सम्बन्ध नङ र मासुको जस्तै हो । वैयक्तिक विवरण कर्मचारीको सेवाको सुरक्षासँग जोडिएको छ,' अध्यक्ष यादवले भने ।

त्यसैगरी मधेश प्रदेशका निमित्त प्रमुख सचिव चौधरीले प्रदेशमै निजामती किताबखानाको स्थापना, सञ्चालन र व्यवस्थापन हुनु प्रशासनिक सङ्घीयताको कार्यान्वयनको सवालमा महत्त्वपूर्ण उपलब्धिको सङ्ज्ञा दिए । 'प्रदेश किताबखानाको स्थापनाले निजामती कर्मचारीको सुरु नियुक्तिदेखि अवकाशसम्मको अभिलेख प्रदेशमै अद्यावधिक र सेवाबाट अलग भएका निजामती कर्मचारीले पाउने निवृत्तभरण, उपदानलगायतका सुविधाको अभिलेख राख्ने कामको व्यवस्थापन निकै सहज हुनेछ,' उनले भने ।

प्रदेश सरकारका विभिन्न निकायलाई नीति निर्माणका लागि आवश्यक पर्ने कर्मचारीसम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सूचना केन्द्रको रूपमा समेत किताबखाना महत्त्वपूर्ण हुनेछ । कर्मचारीको वैयक्तिक सूचना प्रणालीमा कार्यालयको सङ्गठन तथा दरबन्दी दर्ता, सिटरोल दर्ता, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवं अध्ययन बिदाजस्ता कर्मचारीसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने, अवकाशको सूचना पठाउने, कर्मचारीको स्थायी ठेगाना, इच्छाइएको व्यक्ति परिवर्तन भएमा अभिलेखमा जनाइ जानकारी दिने, कर्मचारीको नोकरी विवरण, सेवा अद्यावधिक तथा जन्ममिति प्रमाणित, सम्पत्तिलगायतका सम्पूर्ण विवरण राख्ने काम हुने गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् मातहतमा रहेको प्रदेश किताबखानाले अब साउन १ गतेदेखि नियमितरूपमा प्रदेशका कर्मचारीको विवरण राख्ने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# बाबुरामको गल्ती, प्रचण्डले कमजोरी

**तपाईंहरूको पनि निकै छिटो विवाह भएको रहेछ । कसरी विवाह भएको थियो, मागी विवाह नै हो ?**

त्यो बेला गाउँघरमा छिट्टै विवाह गर्ने चलन थियो । विवाहभन्दा पहिला हाम्रो चिनाजानी थिएन । पहाडमा हाम्रो घर एक्कैठाउँमा जस्तो रहेछ । उनको कास्की, ढिकुर पोखरी र मेरो हेङ्जामा घर थियो । हिँडेर जाँदा एकघण्टा लाग्छ होला । उनका र मेरा बुबाहरू एउटै सालमा पहाडबाट झर्नुभएको रहेछ । हाम्रो चितवनकै सुन्दरवस्ती गाउँ र उनको भिमसेननगर भन्ने ठाउँमा बसाइँ सर्नुभएको हो । त्यहाँ पनि हिँडेर आउन–जान बीसमिनेट समय लाग्छ । हाम्रो केही नाता पनि पर्छ, मावलीपट्टि वा कताबाट अलिकति सम्बन्ध थियो । तर पहिला नै हाम्रो चिनजान त थिएन । मलाई माग्न त धेरै ठाउँबाट आएका थिए । तर मेरो मामाले उहाँसँग नै विवाह गरिदिनुपर्छ भनेर जोड गरेपछि हाम्रो विवाह भएको हो । विवाहको कुरा चलिसकेपछि कहिलेकाहीँ बाटोमा हाम्रो भेट हुन्थ्यो । मेरो केटा यही हो भन्ने हुन्थ्यो, तर बोलचाल भने हुँदैनथ्यो । वास्तवमा हाम्रो विवाह भएको लामो समयपछि मात्रै बोलचाल भयो । उहाँ पनि केटाकेटीमा लाज मान्ने, म पनि झन् महिला ।

**अध्यक्ष प्रचण्डको पारिवारिक भूमिका कस्तो रह्यो ?**

हाम्रो बिहे हुँदा उहाँ पन्ध्र वर्षको हुनुहुन्थ्यो । बिहेपछि केटाकेटीदेखि नै सँगै जन्मेको, सँगै हुर्केकोजस्तो भयो । सानैमा विवाह भएकोले हामीहरू साथी र दिदीभाइजस्तो थियौँ । म गएपछि थाहा भयो, उहाँले घरका भाइबहिनीलाई गर्ने व्यवहार राम्रो थियो । घरमा दिदीबहिनी र दाजुभाइमा त्यस्तो झगडा हुँदैनथ्यो । गाउँमा कतै–कतै झगडा हुँदाखेरी वृद्ध काँइली आमाले उनलाई देखाएर भन्नुहुन्थ्यो, यसले झुठो बोल्दैन, झगडा मिलाई दिन्छ । छोराछोरीलाई दिने समय त दिनुभएन । मैले र उन दुवैले दिन सकेनौँ भन्दा हुन्छ । राजनीतिमा लागेपछि त्यस्तै भयो ।

**छोराछोरीसँगको उनको व्यवहार कस्तो पाउनुभएको छ ?**

उहाँले छोरा–छोरीलाई कहिल्यै नियन्त्रण गर्नुभएन । सामन्तवादीहरुले गर्ने जस्तो नियन्त्रण त हुने कुरै आएन । उनीहरुसँग पनि साथीभाइजस्तै ठट्टामजा नै गर्नुहुन्छ । छोराछोरी र बुबाको जस्तो दूरी छैन ।

**तपाईं कसरी राजनीतिमा लाग्नुभयो नि ?**

उहाँले मलाई के बुझाउनुभएको थियो भने, यो राजनीति भनेको यस्तो चिज हो, यसले पीडित महिलालाई अधिकार दिन्छ । कम्युनिष्ट समाज धनी गरिब हुँदैन, सबै बराबर हुन्छ, त्यसका लागि लड्नुपर्छ । यो कुरा बुझेपछि राजनीति भन्ने चिज ठीक रहेछ भन्ने कुराले भित्रसम्म गहिरो प्रभाव पर्यो ।

हिजो उहाँलाई पन्ध्र वर्षको उमेरमा पाउँदा र अहिले देशको महत्वपूर्ण नेताको रुपमा पाउँदा कस्तो अनुभूति भइरहेको छ ?

बच्चादेखि नै संगत भएकोले त्यस्तो ठूलो र अनौठो केही महसुस भएको छैन । एउटा श्रीमतीको भूमिका पनि खेलेँ, एउटा महिला भएको नाताले आमाले खेल्ने भूमिका पनि प्रशस्तै खेलेँ । विहे हुँदा उहाँ दश कक्षामा पढ्दै हुनुहुन्थ्यो । त्यो बेलादेखि नै 'यो गर्नुहोस्, त्यो नगर्नुस्' भन्थेँ । एउटी आमाले बच्चालाई 'तिमीले नुहाउनुपर्छ, नुहाऊ' भनेजस्तै श्रीमान भएपनि सुझाव दिने गर्दथेँ ।



**अध्यक्षको सबभन्दा राम्रो वा नराम्रो बानी के होलाजस्तो ठान्नुभएको छ ?**

नराम्रो नै भन्ने त त्यस्तो केही देखेको छुइनँ । तर पनि सामान्यतया त्यस्तो अवगुण हुँदै नहुने कुरा भएन । संसारमै नभएको चिज हामीसँग मात्रै हुने कुरा पनि होइन । कहिलेकाहीँ उहाँ अलि झट्ट रिसाउनेजस्तो गर्नुहुन्छ । उहाँको राम्रो पक्षमा हेर्दा उन एकदमै सरल हुनुहुन्छ । उहाँमा केटाकेटीदेखि वृद्धवृद्धासँगसम्म पनि मिल्न सक्ने गुण छ । मान्छेसँग प्रस्तुत हुँदा र छलफल गर्दा अति सहज र सरल नै हुनुहुन्छ । बुझ्नेगरी कुरा गर्नुहुन्छ ।




'माओवादीले गर्दा संसार पनि हल्लिएको छ । तर तपाईंहरू झिनामसिना कुरामा अड्किएकोजस्तो लाग्यो मलाई । तपाईंको पनि गल्ती छ । उहाँले पनि कमजोरी गर्नुभएको छ ।
*– सीता पौडेल दाहाल*

**अनि सासु–ससुरासँग एउटी बुहारीको नाताले कस्तो सम्बन्ध रह्यो नि ?**

म पन्ध्र वर्षको उमेरमा विवाह गरेर आएकी थिएँ । त्यसबेला त बाहुन समाज भनेको सामन्ती संस्कारमा लिप्त थियो । त्यसमा पनि म सानीमान्छे, दश–बाह्रजनाको जहान हुन्थ्यो । भाँडा माझ्ने काममा र चुल्होमा म एक्लै पर्दथेँ । जब सुत्ने बेला हुन्थ्यो, अनि म सोच्थेँ, म बिहान उठ्न सक्छु कि सक्दिनँ ? बिहान उठेर दैलो पोत्न सकिनँ भने के गर्ने ? एउटा पन्ध्र वर्षकी बच्चीलाई परेको असर हो यो । असाध्यै कष्टसाध्य जीवन बाँचेर हुर्केर आएकी महिला हुँ म । अहिले हेर्दा त एक ढंगको नयाँ अनुभूति भइरहेको छ ।

**उहाँ पूर्णकालीन सदस्य भएपछि बच्चाहरू हुर्काउने जिम्मा पनि तपाईंकै काँधमा बढी प¥यो होला, होइन ?**

उहाँ पूर्णकालीन सदस्य भएपछि त्यो बोझ त पूरै मलाई नै प¥यो । हामी समग्र परिवारमा हुँदा उनले गोरखाको आरुघाटमा अढाइ वर्षजति पढाउनुभयो । यो स्वार्थी समाजमा छोराले कमाउन्जेलसम्म राम्रो भन्ने चलन हुन्थ्यो । बुहारी, छोराछोरी, नाति, नातिना सबै ठीकै हुन्थे । जब उहाँ पूर्णरुपमा राजनीतिमा होमिनुभयो, तब पैसा पनि भएन । बुहारी पनि पार्टीमै हिँड्छे भनेपछि त समस्या भइहाल्यो । उहाँ पूर्णकालीन भएपछि पुलिसले सताउन थाल्यो । त्यसपछि परिवार छुट्टियो । यस क्रममा पाँचवर्षजति मलाई भयङ्कर समस्या भयो । त्यतिबेला छोराछोरी साना–साना थिए । छोरा प्रकाश २०३८ सालमा जन्मिएको हो । छुट्टिनेबेला पाँचमहिनाको मात्रको थियो ऊ । यता माइतको भैँसी, घरबाट पाएको दुइटा भैँसी, खेतीपाती हेर्नुपर्ने अनि उता बच्चाबच्ची स्याहार्नुपर्ने, यसले गर्दा मलाई एकदम दुःख थियो ।

**त्यस्तो बेला पार्टीले सहयोग गरेन त ?**

त्यो बेला पार्टीमा पनि मोहनविक्रमको नेतृत्व थियो । त्यो बेला महिलाले जतिसुकै दुःख गरेपनि घरै धान्नुपर्ने, महिलालाई बच्चा जन्माउने मेसिन हो, पुरुषलाई मात्र स्वतन्त्रतपूर्वक छाड्नुपर्छ भन्ने धारणा थियो पार्टीभित्र । त्योबेला म उहाँलाई भन्थेँ, श्रीमान् र श्रीमती भनेको एउटा रथका दुईपांग्रा हो । त्यसैले पार्टीमा महिलालाई अगाडि बढाउने हो भने पुरुषले पनि सहयोग गर्नुपर्छ, पढाइ र राजनीतिमा पनि अगाडि बढाउने वातावरण बनाउनुपर्छ । म सुरुदेखि नै उहाँसँग यसरी नै प्रस्तुत हुँदै आइरहेकी छु । उहाँ भन्नुहुन्थ्यो 'तिमीले भनेको ठीक हो ।' पछि विस्तारै पार्टीमा महिला उभार आउन थाल्यो । त्यसमा मैले पनि भूमिका खेलेकी छुजस्तो लाग्छ ।

**कहिलेदेखि पारिवारिक जीवन सहज हुन थाल्यो ?**

जब उहाँ पूर्णकालीन सदस्य भएर राजनीतिमा लाग्नुभयो, त्यसपछि मलाई धेरै सरल र सहज हुँदै आयो । उहाँसँग त मेरो त्यस्तो समस्या भएन तर परिवारमै हुँदा त त्यो खालको कष्ट भइहाल्थ्यो ।

**अहिले कस्तो महसुस भइरहेको छ ?**

अहिले खासै त्यस्तो फरक लाग्दैन । काम गरिएको थियो, त्यसकै फल मिलेकोजस्तो लाग्छ । त्यो बेला देश र जनताका लागि गर्दै जानुपर्छ, गर्दै जाँदा भए होला, नभए पनि केही छैन भनेर लागियो । अहिले भने केही सन्तुष्टि मिलेको छ ।

**अध्यक्षलाई शारीरिक रुपमा केही समस्या भएको छ कि छैन । उनको स्वास्थ्य कस्तो छ ?**

त्यस्तो त खासै केही छैन । उच्च रक्तचाप छ । जनुयुद्धका बेला पहिला त्यस्तो केही समस्या थिएन । काठमाडौं आएपछि तीनमहिनापछि त्यस्तो समस्या देखिएको हो । यहाँ आएपछि नियमित खान पाउनुभएको छैन । कहिले कहाँ, कहिले कता यस्तै भइरहन्छ ।

**पहिले त उहाँ पातलो हुनुहुन्थ्यो, अहिले मोटो हुनुहुन्छ त ?**

उसबेला त दुब्लो पातलो नै हुनुहुन्थ्यो । बुढेसकाल लागेपछि मोटाउन थाल्नुभएको हो । उहाँको तौल त ठ्याक्कै थाहा छैन ।

**भनिन्छ, पार्टीमा अन्तरसंघर्ष हुँदा पार्टी फुट्नबाट जोगाउन तपाईंको पनि भूमिका रह्यो । यहाँले कस्तो भूमिका खेल्नुभएको थियो ?**

मैले पार्टीमा एकता कायम हुनुपर्छ भनेर खेलेको भूमिका पार्टीबाहिर र भित्र दुवैतिर थाहा भइसकेको कुरा हो । त्योबेला मैले आफूले कुनैपनि हालतमा पार्टी फुट्नुहुँदैन, एकता हुनैपर्छ भनेर अध्यक्ष र डा. बाबुराम भट्टराई दुवैलाई दबाब दिएकी थिएँ । चुनवाङ बैठकभन्दा अघिल्लो लाहावाङ बैठकमा म बिरामी थिएँ । म भारतमा उपचाररत थिएँ । पार्टीभित्र कच्याककुच्युक त पहिलादेखि नै भइरहेको थियो । त्यो बैठकमा धेरै नै विवाद भयो रे भनेपछि मलाई एकदम चिन्ता लाग्न थाल्यो । म नगएर गल्ती गरिछु भन्ने लाग्यो ।

प्रचण्डजीले तुरुन्तै आउनुप¥यो भनेपछि गएँ । त्यहाँ गएपछि चिज गडबड भएको थाहा भयो । पासाङ र विप्लवहरूलाई थाहा छ, मैले 'यसरी जानुहुँदैन, जसरी हुन्छ, पार्टी बचाएर लानुपर्छ' भन्थेँ । श्रीमानको नाताले अध्यक्षलाई त आफूले सकेको बुद्धि दिन्थेँ । पार्टी फुटेर गइहाल्यो भने पनि पार्टीभित्र झन् नराम्रो मान्छे आउँछ भन्ने ढंगले सम्झाउँथें । अनि बाबुरामजीलाई पनि भन्थेँ, 'माओवादीले गर्दा संसार पनि हल्लिएको छ । तर तपाईंहरू झिनामसिना कुरामा अड्किएकोजस्तो लाग्यो मलाई । तपाईंको पनि गल्ती छ । उलहाँ पनि कमजोरी गर्नुभएको छ ।'

म जे देख्छु, त्यही भन्छु भनेर अध्यक्ष र बाबुरामजीलाई कुरा राख्थेँ । चुनवाङमा केन्द्रीय कमिटी बैठकमा म पनि गएकी थिएँ । त्यो बेला मैले भनेकी थिएँ, 'चिज बिग्रिएको छ, दुवैजनाले गल्ती गर्नुभएको छ । दुवैतिरबाट सच्चिएर पार्टी बचाएर लानुपर्छ । कुनै हालतमा पनि पार्टीलाई फुटाउन पाइँदैन ।' मैले यसरी कुरा राखेँ, 'यत्रो जनताको रगत बगिसकेको छ । तपाईंहरूको के हो यस्तो ताल ? यस्तो गर्न पाउनुहुन्न । यस्तै गर्ने हो भने त तपाईंहरूलाई जनता र विदेशी मित्रहरूले पनि छाड्दैनन् ।'

**अहिलेसम्म जनयुद्धमा अध्यक्ष प्रचण्डलाई कसरी सहयोग पु¥याउनुभयो ?**

मलाई लाग्छ, मैले उनलाई धेरै सहयोग गरेँ । जनयुद्ध सुरु हुनुभन्दा पहिला पनि घरपरिवार, छोरा÷छोरी सब त्यागेर यो पार्टीमा जसरी लाग्दै आएँ र जनयुद्धमा पनि म उनसँगसँगै छु । प्रायः एकाध दिन छुट्टिएँ होला । हरेक ठाउँमा मैले धेरै भूमिका खेलेको छु ।

**तपाईंले नै उहाँलाई सुरक्षित गराएका घटनाहरू उल्लेख गरिदिनु न ?**

त्यस्ता घटनाहरू त धेरै छन् । ठ्याक्कै मेरो बलले उनलाई बचाएका मुख्यतः दुइटा घटना छन् । एकपटक सातवर्षअगाडि भारतमा अल कायदाको खुब चर्चा र खोजी भइरहेको थियो । उहाँ र म दिल्लीबाट गोरखपुर आउँदैथियौं । रेलको एउटा सिटमा हामी दुईजना सुतेर आएका थियौँ । एउटाको टाउको अर्कोको खुट्टा यता बनाएर, उल्टोपाल्टो हुँदै । त्यहाँ इन्डियन प्रहरीले रेलका सारा महिला, बच्चा, वृद्धदेखि लिएर कागजपत्रसमेतको सम्पूर्ण जाँच गर्दै थियो । उहाँले हाम्रो ठूलो झोलामा माओवादी डकुमेन्ट, पुस्तक र लेखहरू राखेर ल्याउनुभएको थियो ।

मैले दिल्लीमा नै उहाँलाई भनेकी थिएँ, 'अहिले किताबहरू नलैजाऔँ । हाम्रो स्टाफ पछि आउँदै हुनुहुन्थ्यो । बाइचान्स चेक भयो भने सबै पर्छ । तपाईं नबोक्नुस् ।' यति भन्दाभन्दै उहाँले लिएर आइहाल्नुभयो केही हुन्न भनेर । उहाँले रेलमा ती सबै सामान सिरानीमा हालेर बस्नुभएको थियो ।

इन्डियामा रहँदा दुनियाँ नाटक गरेर बस्नुपर्दथ्यो । म पनि प्रायः हातभरि चुरा, गहना वा त्यस्तै पहिरन लगाएर हिँड्थे । माओवादी महिलाहरुजस्तो 'सिम्पल' भएर हिँड्नुको सट्टा गृहिणी महिलाजस्तो भएर हिँड्थेँ, त्यो आफूलाई जोगाउन गरिन्थ्यो । रेलमा सबै मान्छेको चेक गरियो । म निन्द्रामा रहेछु । चेक गरेको थाहा पाएर म बिउँझिएँ । यसो हेर्छु त पुलिसले सारा झोला र खल्ती चेक गरिराखेको छ, अरुलाई उठाइरहेको पनि छ । फेरि त्यही बेला उनले जुँगा पनि पाल्नुभएको थियो । दाह्री पनि लामो भइसकेको थियो । मुख्यतः मुसलमानहरुले प्रायःजसो दाह्री पाल्ने । त्यतिखेर दाह्री–जुंगा भएका मुसलमानहरुकै खोजी भइरहेको थियो । त्यसपछि मलाई कस्तो भयो भने के गर्ने के नगर्ने ? उहाँ त तन्ना ओढेर सुतिरहनुभएको थियो । खुट्टाले झक्झकाएर सङ्केत गरेँ, 'तपाईं चुप लागेर सुत्नुहोस् ।' त्यो सङ्केत पाएपछि उहाँले बुझ्नुभो । म गृहिणी महिलाजस्तो यता–उता गर्दै बसेँ । त्यसपछि सबैलाई चेक गर्दा पनि हामीलाई गरेन र बल्लतल्ल बचियो ।

अर्को त्यस्तै घटनामा २०६० सालमा सुरेश आलेमगर र मातृका यादव पक्राउ भएको बेला थोरै संयोगले उहाँलाई बचाइएको छ । घटना दिल्लीकै हो, त्यहाँ हामी सँगै थियौं । साथीहरूसँग कुरा गरेर डेरामा फर्किंदै गर्दा साँझ परिसकेको थियो । उहाँले 'म त सुरेश आलेको डेरामा जान्छु, मातृका पनि आउनुभा'को छ, कुराकानी गर्नुछ' भन्नुभयो । मैले 'राति भइसक्यो अहिले नजानुहोस्' भनेँ । दुई÷तीनपटक जुत्ता लगाउँदै बाहिर जाँदै गर्नुभयो । मैले कराएको कराई गरेपछि फर्केर भित्र कोठामा आउनुभयो ।



भोलिपल्ट बिहान ९ बजेको थियो होला । उहाँले 'म जान्छु' भन्न थाल्नुभयो । मलाई के लागेको थियो भने सुरेशजी त यता–उता भाषण गर्दै हिँडिराख्ने मान्छे, त्यहाँ सुरक्षित नहुनसक्छ । त्यसैले श्रीमानलाई सम्झाउने तरिकाले कुरा गरेँ । 'उहाँहरू कोठामा हुनुहुन्छ कि हुनुहुन्न, त्यो बुझेर मात्रै जानुपर्छ भनेँ । त्यसपछि उहाँले स्टाफलाई फोन गरेर सुरेशजीकहाँ बुझ्न लगाउनुभो । पहिलोपटक जाँदा नभएको खबर लिएर साथी आउनुभएछ । दोस्रोपटक बादलजीको स्टाफलाई पठाउँदा त त्यहाँको चिया पसलेले भनेछन्, 'ती मान्छेहरूलाई त बेलुकै पुलिसले लगिसक्यो ।'

त्यसरी यी दुइटा घटनामा म नजिकबाट सामेल भएको छु ।

**रोल्पाको डाँडागाउँमा पनि अध्यक्ष रौं–रौंले बच्नुभएको रहेछ, होइन ?**

रोल्पामा त जनताकोमा बस्ने गर्दथ्यौँ । त्यहाँ हामी बसेको घरमा बमबारी पनि ग¥यो । त्यहाँ पनि मैले चेताउने काम अलि पहिलेदेखि नै गरेकी थिएँ । उहाँहरुलाई भन्थेँ, 'अब हामी यहाँ नबसौँ । यहाँ बसेको लामो समय भइसक्यो । जनताहरू सदरमुकाम आउँछन्, जान्छन् । त्यो भएपछि लिक हुनसक्छ, खतरा हुनसक्छ ।'

बमबारी हुनुभन्दा पाँचदिनअगाडि पासाङलाई पनि भनेकी थिएँ, 'अब यहाँ त बस्नुहुन्न है बाबु !' त्यसपछि उनहरूले 'ठीक हो' भनेर सरेको दुई रातमात्र भएको थियो, बमबारी गरिहाल्यो ।

**जनयुद्धको बेला आफू पनि मरिन्छ कि भन्ने डर वा चिन्ता केही भएन ?**

त्यस्तो भएन । मलाई के भयो कुन्नि, त्यस्तो डर लागेन । तर पनि मान्छे भएपछि डरै नलाग्ने कुरा पनि भएन । बमबारी हुँदा वा दुस्मनको नजिक पर्दा मलाईभन्दा पनि उहाँलाई केही भइहाल्यो भने के होला ? देश र जनता आज यो ठाउँमा आइपुगेको छ । पार्टीभित्रको अन्तरद्वन्द्व पनि सबै बुझिएको छ । उहाँको अनुपस्थितिमा जनता पनि टुहुरा हुन्छन् । त्यसैले उहाँलाई केही हुनुहुन्न भन्ने खालको बढी चिन्ता थियो ।

(बुधबार बिहान दिवंगत स्वर्गीय सीता दाहालको यो कुराकानी 'जनयुद्धका नायक' पुस्तकबाट साभार गरिएको हो–सम्पादक)

# जयनगर–कुर्था खण्डमा रेल आइतबारदेखि चल्ने



● राजु विश्वकर्मा

भारतको जयनगरबाट महोत्तरीको बिजलपुरासम्म रेल सेवा सञ्चालन गर्ने तयारी भएको छ ।

जयनगरबाट धनुषाको कुर्थासम्म गत २०७८ चैत २० गतेदेखि सञ्चालन हुँदै आएको रेल सेवालाई यही असार ३१ गतेदेखि महोत्तरीको बिजलपुरासम्म सञ्चालन गर्न लागिएको छ ।

जयनगर–बर्दिबास रेलमार्गअन्तर्गत धनुषाको कुर्थाबाट महोत्तरीको बिजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माणकार्य सम्पन्न भएसँगै बिजलपुरासम्म रेल सञ्चालन हुने निश्चित भएको हो ।

निर्माणकार्य सम्पन्न भएको कुर्थाबाट बिजलपुरासम्मको रेल्वे ट्र्याक गत जेठ १८ गते भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनल कम्पनी लिमिटेडका महाप्रबन्धक दीपक कुमारले नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जकुमार झालाई हस्तान्तरण गरेका थिए ।

'ट्र्याक हस्तान्तरण गरिसकेको छ, अब जयनगरबाट कुर्था हुँदै बिजलपुरासम्म रेल सञ्चालन गर्न लागेका छौँ,' महाप्रबन्धक झाले भने । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सेवाको उद्घाटन गर्ने कार्यक्रम छ । हाललाई कुर्थाबाट बिजलपुरासम्म दैनिक एकपटक सेवा प्रदान गरिने उनले बताए ।

कुर्थाबाट बिजलपुरासम्मको १७ किलोमिटर रेल्वे ट्र्याक निर्माण सम्पन्न भएर हस्तान्तरण भइसके पनि बिजलपुराबाट बर्दिबाससम्मको १८ किलोमिटर रेलमार्ग निर्माणमा जग्गा मुआब्जा विवाद बाधक बन्दा समस्या भएको छ । 'जग्गा मुआब्जालगायत कारण बिजलपुरा भङ्गहाबाट बर्दिबाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको छ,' नेपाल रेल्वे कम्पनीका इन्जिनियर रवीन्द्रकुमार साहले भने, 'कतिपय ठाउँमा सडक छ, तर नक्सामा छैन, तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन् । यही कारणले बिजलपुराबाट बर्दिबाससम्म रेल्वे ट्र्याक निर्माणको काममा समस्या भएको छ ।'

मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिबाससम्म पनि रेल चल्ने साहले भने । रेल सञ्चाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार २०११ माघमा निर्माणको थालनी भएको थियो । ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुई निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

विसं २०७८ चैत १९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गरेपछि चैत २० गतेदेखि जयनगरबाट कुर्थासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ । जयनगर–कुर्था ३५ किलोमिटर रेल्वे मार्गमा अहिले दैनिक दुईपटक आउने र दुईपटक जाने गरेको छ । यात्रुको चाप बढ्दै गएको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

नेपालमा रेल सञ्चालनका लागि भारतीय जनशक्ति र भारतमै इन्धन भर्नुपर्ने बाध्यताबाट मुक्त गरी नेपाली रेल सेवालाई आत्मनिर्भर बनाउन नेपाल रेल्वे कम्पनीले विभिन्न योजना अघि बढाएको महाप्रबन्धक झाले बताए । तत्काल स्थायी कर्मचारीको सङ्गठन संरचना निर्माण, वासिङ सेन्टर र फ्युल सेन्टर निर्माण तथा जयनगर कुर्था खण्डमा कार्गो रेल सेवा सञ्चालनको तयारी सुरु गरिएको महाप्रबन्धक झाले बताए ।

नेपाल रेल्वे कम्पनीको आफ्नो वासिङ¬ सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने र अहिले रेलको वासिङ गराउन मात्र भारतीय कम्पनीलाई ठूलो मात्रा वार्षिक रकम खर्च गर्दै आएको छ । 'नियमित रेल सेवा सञ्चालन हुँदै आए पनि आफ्नो वासिङ सेन्टर र फ्युँल सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने अवस्था छ,' नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाले भने, 'जसका कारण हामीले वासिङमा मात्र धेरै रकम खर्चिंदै आएका छौँ ।'

'भारतमा फ्युल भराउँदा २८ प्रतिशत कर तिर्नुपर्ने अवस्था छ, यसबाट हामी बर्सेनि ठूलो रकम खर्चिन बाध्य छौँ,' उनको भनाइ छ ।'नेपाल रेल्वे कम्पनीले आफ्नो वासिङ सेन्टर, वर्कसप र फ्युँल सेन्टर स्थापना गर्न सकिए वार्षिक करिब १०–१२ करोड रुपैयाँ भन्दा बढी रकम बचत हुनसक्छ,' महाप्रबन्धक झाले भने, 'त्यसका लागि हामीले योजना बनाएर अघि बढ्का छौँ, नेपालमै वासिङ सेन्टर र फ्युल सेन्टर निर्माण गर्ने योजना तयार पारेका छौँ ।' नेपाली रेल सञ्चालन गर्न नेपाली जनशक्ति नहुँदा अहिले भारतीय जनशक्तिबाट रेल सञ्चालन हुँदै आएको छ ।

'हामीले तत्काल स्थायी प्रकृतिको कर्मचारी माग गरेका छौँ, आएपछि उनहरूलाई तालिम दिएर दक्ष बनाइने योजना अघि बढाएका छौँ,' उनले भने, 'स्थायी कर्मचारीको सङ्गठन संरचना र दरबन्दीको सहमतिका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत नेपाल रेल्वे कम्पनीको फायल विगत दुई महिनादेखि अर्थ मन्त्रालयमा अड्किएको छ, जसका कारण काम अघि बढाउन समस्या भइरहेको छ ।' जयनगर–कुर्था खण्डमा यात्रुवाहक रेल सेवासँगै कार्गो रेल सेवा सञ्चालन गर्ने तयारीमा जुटेको उनको भनाइ छ ।

रेल चल्न थालेसँगै जनकपुरसहित मधेश प्रदेशको पर्यटन, धार्मिक क्षेत्रको विकास र स्थानीय उत्पादनको निर्यात बढेको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष अम्बु साहको भनाइ छ ।

जयनगर कुर्था खण्डमा रेल रोकेर यात्रु चढाउन र झार्नका लागि सात ठाउँमा स्टेशन÷हल्ट रहेका छन् । जयनगरबाट कुर्थासम्म कुर्था, परवाहा, बैदेही, महिनाथपुर, खजुरी, इनर्वा र जयनगर छन् भने अब विजयपुरासम्म थप दुई हल्ट र दुई स्टेशन थपिएका छन् । भारतको सरकारी कम्पनीमार्फत रेल सेट खरिद गरेर करिब तीन वर्षअघि नेपाल आइपुगे पनि विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन ।



# मोटरसाइकल चोरी गरेर भाग्दै गर्दा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पस नजिकबाट मोटरसाइकल चोरी गरेर भाग्दै गर्दा एकजना पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा नगराईन नगरपालिका ८ बस्ने ३८ वर्षीय कृष्ण कुमार मिश्र रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
बुधबार दिउँसो राराब क्याम्पसको गेट नजिक पार्किङ गरिराखेको ज ५ प ४७५७ नम्बरको मोटरसाइकल लाँदै गर्दा सोही ठाउँमा खटेको प्रहरीको विशेष टोलीले शंकाको आधारमा लखेट्दै जाँदा जनकपुरधाम २० नोचापोखरी स्थित मिश्रलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा मास्टर कि प्रयोग गरी लगेको खुलेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।
प्रहरीले निजबाट अर्को ज ४ प ७७२२ नम्बरको मोटरसाइकल समेत बरामद गरेको र अनुसन्धानको क्रममा सोही दिन अर्को ज ५ प ९५६१ नम्बरको मोटरसाइकल राराब क्यापस स्थितबाटै चोरी भएकोले उनले नै मोटरसाइकल चोरी गरेको हुन सक्ने भएकाले थप अनुसन्धान थालेको प्रहरी प्रवक्ता गौतमले जानकारी दिए । त्यसैगरि धनुषा प्रहरीले गल्ला फोडेर चोरी गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका ८ बस्ने ३८ वर्षीय फेकन दास रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
बुधबार राति १ बजे जनकपुरधाम २१ कुर्था स्थित चन्देश्वर साहको पसलको बाँसको टाटीमा प्वाल पारी पसलभित्र रहेको गल्लाबाट ८० हजार चोरी भएको सूचनाको आधारमा खटेको प्रहरी टोलीले दासलाई नियन्त्रणमा लिएको छ ।
चोरी भएको १ घण्टा पश्चात चोरीमा संलग्न व्यक्तिको खोजतलास गर्ने क्रममा दासलाई नियन्त्रणमा लिई उनी बस्ने कोठामा खानतलासी गर्दा कोईला राख्ने बोरामा लुकाई छिपाई राखेको ३२ हजार ८४५ रुपैयाँ बरामद गरेको प्रहरीले जनाएको छ ।

# कुखुरापालक किसानलाई जैविक सुरक्षाबारे तालिम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा व्यवसायिकरुपमा कुखुरापालन गरिरहेका किसानहरुलाई आधुनिक कुखुरापालन तालिम दिइएको छ ।
न्यु होप एग्रो विजनेस प्रालीको आयोजना र प्रतिक फिड सप्लार्यसको सहकार्यमा शुक्रबार भएको तालिममा जनकपुरधामका सय भन्दा बढि किसानहरुको सहभागीता रहेको थियो ।
तालिममा सहभागीहरुलाई मो.सलमानले खोर व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरेका थिए भने कुखुरामा लाग्ने रोगको पहिचान र निदान सम्वन्धि जानकारि दिइएको छ ।
कार्यक्रममा डा.दिव्यकृष्ण श्रेष्ठ र डा सौगात आर्चायले सहजीकरण गरेका थिए ।
न्यु होप एग्रो विजनेस नेपालका क्षेत्रीय प्रवन्धक संजीव पराजुलीको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा उतकृष्ट किसानलाई सम्म्मान समेत गरिएको थियो । सन २०१४ मा स्थापना भएको प्रालिको विश्वमा नम्वर एक कम्पनीको रुपमा स्थापित रहेको छ । शतप्रति चाइनीज लगानी रहेको सो कम्पनीले देशभरिनै गुणस्तरीय दाना उत्पादन गर्दै आएको प्रवन्धक पराजुलीको दाबी रहेको छ ।

# कानुनको शासन कानूनको सर्वोच्चता: प्रदेश प्रमुख




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले कानुनको शासनले सभ्य समाजको निर्माणमा ठूलो मद्दत पुग्ने बताएका छन् ।
प्रदेश प्रमुख मिश्रले मधेश प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा शुक्रबार महोत्तरीको बर्दिबासमा बार एशोसिएशनसंग मधेश प्रदेश सरकारले बनाएको कानुनका सम्बन्धमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको अन्तरक्रियामा कानूनको शासन कानूनको सर्वोच्चता भएको बताउँदै नेपालको संविधानले प्रदेशलाई दिएको अधिकारभित्र रही निर्माण गरिएका ५५ वटा कानूनको कार्यान्वयनमा जोड दिए । मधेश प्रदेशका निमित्त प्रमुख सचिव किशोर कुमार चौधरीले प्रदेश सरकारले निर्माण गरेको कानुनका विषयमा सबैले जानकारी दिन आवश्यक भएको बताउँदै कानूनको अनभिज्ञता कसैको लागि क्षम्य नहुने बताए ।
अध्यक्षको आसनबाट मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र कुमार ठाकुरले प्रदेश सरकारले बनाएका ऐन तथा कानूका विषयमा कानून व्यवसायीलाई जानकारी दिन कार्यक्रमको आयोजना गरेको बताए । दुई दिनसम्म चल्ने कार्यक्रममा प्रदेश सरकारले हालसम्म बनाएका कानूनको विषयमा छलफल तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ ।

कुराकानी

# पाउनुपर्ने दिनुहुन्छ अहिले केही भन्न सक्दिनँ



**प्रमिला कुमारी**
**शिक्षा राज्यमन्त्री**
**जसपा नेता**

निर्वाचन आयोगको नियतमाथि शंका लाग्दा गत उपराष्ट्रपति निर्वाचनमा वैकल्पिक उम्मेदवार बनिन्, प्रमिला कुमारी । माइत कोशी प्रदेश, घर मधेश । हार्नकै लागि तयार भएर उपराष्ट्रपतिको उम्मेदवार बनेकी उनले चुनाव हारे पनि पार्टीकै आधिकारिक उम्मेदवारले उक्त निर्वाचन जितेपछि उनले हारेर पनि खुशियाली मनाइन् । त्यसपछि सरकारको शिक्षा राज्यमन्त्री भइन् । तर, राज्यमन्त्री नियुक्त भएको डेढ महिनासम्म मन्त्रालय जाने–आउनेबाहेक कुनै जिम्मेवारी दिएका छैनन्, मन्त्री अशोक राईले । मेजर इंग्लिसमा स्नातकोत्तर पूरा गरेकी उनले २५ वर्षसम्म सुनसरीको मधुवनस्थित जनता माविमा अंग्रेजी विषय अध्यापन मात्र गरिनन्, प्रधानाध्यापक बनेर विद्यालय नै हाँकिन् । यही अनुभवका आधारमा पार्टी अध्यक्ष उपेन्द्र यादवले शिक्षा राज्यमन्त्रीको जिम्मेवारी दिएर पठाए तर अशोक राईले प्रविधितर्फका नाष्ट, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, बीपी प्लानेटोरियम हेर्ने जिम्मेवारी दिएका छन् । यसमा न पर्याप्त बजेट छ न त जनतामाझ भिज्ने कुनै कार्यक्रम नै ! त्यही कारण उनी शिक्षा क्षेत्रको जिम्मेवारी खोज्दै छिन् तर मन्त्री राईले जिम्मेवारीको भारी आफैं बोकेर प्रमिलालाई बेरोजगार बनाइराखेका छन् । प्रमिला यसअघि मधेश प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भइन् । तराई–मधेश आन्दोलनबाट सक्रिय राजनीतिमा लागेकी २०६२ सालदेखि मधेशी जनअधिकार फोरम नेपालबाट राजनीतिमा क्रियाशील छिन् । मधेशी शिक्षक फोरमको केन्द्रीय उपाध्यक्ष हुँदै संघीय समाजवादी फोरमको केन्द्रीय सल्लाहकार समिति सदस्य हुँदै केन्द्रीय सदस्यसम्म ०७४ सालमा प्रतिनिधिसभा सदस्य बनेकी उनी अघिल्लो संसदमा दिगो विकास तथा सुशासन समिति चलाइसकेकी उनी २ वर्ष नेशनल ट्रेडिङ लिमिटेडको महाप्रबन्धक चलाइसकेकी हुन् । जिम्मेवारी नदिने, थन्क्याउनका लागि मात्र राज्यमन्त्री बनाइने हो भने यो पद नै खारेज गर्नुपर्ने तर्क गर्छिन् उनी ।

**० झण्डै साढे दुई दशक शिक्षण पेशा अँगाल्नुभयो । प्रधानाध्यापकसम्म हुनुहुन्थ्यो के देखेर राजनीतितर्फ 'युटर्न' हुनुभयो ?**
शिक्षण पेशामा रहेर समाजसेवा गरेँ । जनता माविमा माध्यमिक तहको अंग्रेजी विषयको शिक्षकका अलावा प्रधानाध्यापक थिएँ । मेजर इंग्लिसमै स्नातकोत्तर गरेको छु । ०७४ मा शिक्षण पेशाबाट राजीनामा दिएर राजनीतितिर 'युटर्न' भएको हुँ । जबसम्म महिला र पुरुषको हैसियत समान स्तरमा आउँदैन तबसम्म देशमा विकासको गति अगाडि बढ्न सक्दैन । मुलुकको विकासका लागि महिला र पुरुष दुबैले समान अवसर पाउनुपर्छ । महिला–पुरुष दुबैले समान ढंगले इज्जत, प्रतिष्ठा र पावर पाएको खण्डमा निश्चित रूपमा मुलुकको उन्नति र प्रगति हुन्छ ।

**० एसइईको नतिजालाई कसरी हेर्नुभएको छ ?**
गत वर्षहरूमा भन्दा यस वर्ष एसइईको नतिजामा धेरै सुधार भएको छ । २२ हजार ४७५ जनाले ३.६० देखि ४ ग्रेड ल्याउँदा ३.६ देखि ४ जिपिए ल्याउनेहरू ४ दशमलव ६३ प्रतिशत छन् । यस्तै, ३.२० जिपिएदेखि ३.६० जिपिए ल्याउनेको संख्या ५५ हजार ६९ (११.३६), २.८० देखि ३.२० जिपिए ल्याउनेहरू ७२ हजार ३६२ छन् । यस्तै २.४० देखि २.८० जिपिए ल्याउनेहरूमा ८९ हजार ३३१ जना रहेको तथ्यांक राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको छ । सबैभन्दा कमजोर अर्थात् ०.८० देखि १.२० जिपिए ल्याउनेको संख्या २२ सय छ । नेपालका सरकारी विद्यालयमा पठनपाठन जस्तो हुनुपर्ने हो, त्यस्तो छैन । सरकारी विद्यालयमा प्रायः गरिबका छोराछोरी पढ्छन् । अहिलेको विश्वव्यापीकरणमा प्राविधिक शिक्षण तथा सिकाइमा प्राथमिकता दिनुपर्ने तर थ्योरिकल प्राक्टिस बढी भइरहेको छ । व्यावहारिक शिक्षण सिकाइमा जोड दिन सकेको खण्डमा विद्यालयस्तरबाटै क्षमतावान जनशक्ति उत्पादन गर्न सक्छौं जसले विश्वबजारमा सहजैसँग रोजगार पाउँछन् । मुलुक संघीयतामा गएको एक दशक पुग्न लाग्दासमेत शिक्षा ऐन ५२ वर्ष अगाडिकै (ऐनबाट शिक्षा प्रणाली चलिरहेको छ । अहिले त नयाँ शिक्षा ऐन बनेर लागू भइसकेको हुनुपथ्र्याे । धेरै विलम्ब भइसकेको छ । मुलुकको शिक्षा प्रणालीलाई संघीयतामा ढालेर नयाँ शिक्षा ऐन ल्याउनु जरुरी भइसकेको छ । चाइल्ड सेन्टर विधि अपनाउन सकेको खण्डमा विद्यार्थीलाई शिक्षण सिकाइ प्रभावकारी हुन्छ । उनीहरूले गुणस्तरीय शिक्षा प्राप्त गर्छन् । जसबाट देशको उन्नति, प्रगति हुन्छ ।

**० विद्यालयका शिक्षा सुधारका लागि के–कस्ता योजना छन् ?**
आधुनिक र वैज्ञानिक युगमा विज्ञान प्रविधिदेखि स्मार्ट बोर्डहरूको अधिकतम प्रयोग गरेर पढाइएको खण्डमा विद्यालय शिक्षा सुधार गर्न सकिन्छ । यसका अलावा हरेक विद्यालयमा भोकेसन एण्ड टेक्निकल एजुकेशन हरेक विद्यालयमा लागू गर्न सकिएको खण्डमा शिक्षा क्षेत्रमा सुधार ल्याउन सकिन्छ । विद्यालयका पर्याप्त भवन, सिट म्यानेजम्याण्ट गर्नु जरुरी छ । यस्तै, तराईतिर गर्मीयाममा टिनका छानामा विद्यार्थीले पढ्नै सक्दैनन् । ती क्षेत्रदेखि भवन राम्रो सुविधा सम्पन्न भवन निर्माण, तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुप¥यो । एकातिर विद्यालयमा दरबन्दी नै पर्याप्त छैनन् । तराई मधेशका अलावा शहरी क्षेत्रमा विद्यार्थीको संख्याको आधारमा शिक्षक दरबन्दी हुनुपर्छ । पर्याप्त दरबन्दी, योग्य र दक्ष शिक्षक भएको खण्डमा शिक्षा क्षेत्र सुधार्न सकिन्छ । यसका लागि विद्यालयले लिनुपर्ने योजनाबारे छलफल गर्दै छौँ । तराई मधेशले पर्याप्त योजना बनाउँदै छन् । जतिखेर पञ्चायती व्यवस्था थियो त्यतिखेर सुगा रटाइ 'प्यारोटिङ म्याथड'को बढी प्रभाव थियो अहिले विद्यालयमा चाइल्ड सेन्टर म्याथड चाहिन्छ । विद्यार्थीलाई बढी सक्रिय बनाइएको खण्डमा कमजोरभन्दा कमजोर विद्यार्थी पनि सिक्छन् । भनिन्छ नि, 'देअर इज नो वान हु नोज नोथिङ' । हरेक व्यक्तिले शिक्षा प्राप्त गर्ने अवसर पाउनुपर्छ । त्यसका लागि शिक्षा मन्त्रालयबाट हाम्रो पहल जारी छ ।

**० उपराष्ट्रपति बन्न सक्नुभएन, सान्त्वनास्वरूप शिक्षामन्त्री बन्नुभयो तर शिक्षामन्त्री अशोक राईले केही जिम्मेवारी दिनुभएको छैन भन्ने सुनिन्छ । वास्तविकता के हो ?**
चर्को स्वरमा हामी समानताको कुरा गर्छौं, तर व्यवहारमा उतार्न सकेका छैनौं । खै मन्त्रिपरिषद्मा ३३ प्रतिशत महिला सहभागिता ? संविधानले नै अनिवार्य व्यवस्था गरेको छ तर क्याबिनेटमा महिलामन्त्री दुई जना हुनुहुन्छ । तीन जना राज्यमन्त्री बनाइएको छ, महिलालाई मात्र किन राज्यमन्त्री बनाइनुपर्ने ? महिलालाई मतदाता, समाज, राष्ट्रले विश्वास गर्छ भने क्याबिनेट मन्त्री बनाउन किन सकिँदैन ? यो पुरुषको मात्र देश हो वा महिलाको पनि ? हाम्रो प्रश्न हो । राज्यमन्त्रीलाई कुनै अधिकार नदिने हो भने राज्यमन्त्री पद किन राखिएको ? क्याबिनेट मन्त्री मात्र राख्दा हुन्थ्यो । राज्यमन्त्री पद राख्ने हो भने अधिकार पनि दिनुप¥यो । मन्त्री, सचिवलाई बिहान ६ बजेदेखि राति १० बजेसम्म १ मिनेट फुर्सद हुँदैन भन्नुहुन्छ । राज्यमन्त्रीलाई कुनै काम÷जिम्मेवारी छैन । मन्त्री र राज्यमन्त्रीबीच यस्तो भेदभाद, असमानताको खाडल किन ? यो असमानता कहिले हटाउन सक्छ ? बेरोजगार बनाएर राख्ने भए राज्यमन्त्री पद किन बनाइएको ? मन्त्रालयमा भएका निर्णय र कामकाज राज्यमन्त्रीलाई जानकारी हुनुपर्छ कि पर्दैन ? महिला सदैव अक्षम नै हुन्छन् ? महिलाको क्वालिटीलाई राज्यले मूल्यांकन गर्नुपर्छ कि पर्दैन ? राज्यमन्त्री साधारण पद होइन तर सरकारले यो पदको अपमान गर्दै छ । महिला पनि कुनै पुरुषभन्दा कम छैनौँ । जबसम्म महिलाले देशको विकासमा योगदान गर्दैनन् तबसम्म देशको विकास हुँदैन । पुरुषहरू महिलाभन्दा बढी लगनशील, मिहिनेती र इमान्दार हुन्छन् । नेपाल सरकारले जबसम्म महिलाको अनादर गर्छ तबसम्म मुलुकले कुनै हालतमा उन्नति, प्रगति गर्न सक्दैन ।

**० शिक्षामन्त्री अशोक राईले नै तपाईंलाई राज्यमन्त्रीका रूपमा पठाउन पार्टीमा आग्रह गरेको भन्ने सुनिन्थ्यो अहिले किन जिम्मेवारीविहीन बनाएर राख्नुपर्ने कारण के होला ?**
मलाई राज्यमन्त्री बनाएर पठाउनुअगाडि नै पार्टीले शिक्षा मन्त्रालय विशाल कार्यक्षेत्र भएको मन्त्रालय हो । त्यहाँ धेरै कामकाज छन् । मन्त्रीज्यूलाई एक्लै धेरै गाह्रो भइरहेको हुँदा तपाईंलाई राज्यमन्त्रीका रूपमा पठाउन लागिएको छ भनिएको थियो । अझै शिक्षामन्त्रीज्यूले नै प्रमिलाजीले शिक्षा क्षेत्रको अनुभवी भएका कारण उनलाई राज्यमन्त्रीका रूपमा पठाउँदा मन्त्रालय चलाउन सहज हुन्छ, उनको भूमिका महत्वपूर्ण हुन्छ भन्नुभएको हो । मन्त्रीज्यूले नै पार्टी अध्यक्षसँग रिक्वेस्ट गरेर तपाईंलाई यहाँ ल्याएका छौं कामको चिन्ता नगर्नुहोस्, महत्वपूर्ण जिम्मेवारी दिन्छु भन्नुभएको थियो । मलाई जिम्मेवारी दिइएको छ, विज्ञान प्रविधितर्फको । केन्द्रमा नाष्ट, विधि विज्ञान प्रयोगशाला र बिपी प्लानेटोरियम हेछ यसले । न यसका कुनै ब्राञ्च प्रदेश र स्थानीय तहमा छ न जनतालाई सेवा दिने खालको बजेट छ न त जनताको सेवा गर्ने कुनै कामकाज नै ! मेरो विषयवस्तु शिक्षा क्षेत्र हो । एजुकेसन क्षेत्रको यस्तो कुनै ट्रम्स छैन, जो मलाई जानकारी नभएको होस् । विज्ञान प्रविधि जस्तै शिक्षा क्षेत्रमा जिम्मेवारी दिनुहोस् केही गरेर समाज, राष्ट्रलाई देखाउन चाहन्छु भनिरहेको छु । म पनि धेरै मिहिनेती र लगनशील महिला हुँ । त्यही लगनशीलताकै कारण आज यहाँसम्म आइपुगेको छु । मैले पनि बिहान ६ बजेदखि राति ८ बजेसम्म काम गर्ने इच्छा राखेको छु । मलाई काम दिनुहोस् म काम गर्न चाहन्छु भनिरहेको छु, पटक–पटक । आजसम्म लिखित जिम्मेवारी दिनुभएको छैन । म काम गर्नका लागि आएको छु । बसेर खान आएको होइन । मिहिनेती र इमान्दार भएर नियम–कानुनअनुसार काम गर्छु भन्दा जिम्मेवारी नपाउनु दुःखद कुरा हो । जब म राष्ट्रको तलब–भत्ता खान्छु भने राष्ट्रको सेवा गर्नु कर्तव्य÷धर्म हो ।

**० शिक्षा मन्त्रालयमातहत धेरै जिम्मेवारी छ । मन्त्री अशोक राईले जिम्मेवारीका सबै भारी आफैं किन बोक्न चाहनुभएको होला ?**
विशाल कार्यक्षेत्र भएको मन्त्रालय हो शिक्षा, विज्ञान तथा प्रविधि । स्कुल, कलेज, विश्वविद्यालय, प्राविधिक शिक्षा, चिकित्सा विज्ञान, शिक्षक आयोग यहीभित्र पर्छन् । शिक्षा क्षेत्रका हरेक सेक्टरको ज्ञान छ मसँग । मन्त्रीज्यूले जे गर्न सक्नुहुन्छ तीबाहेक बाँकी काम मलाई दिनुभएको खण्डमा मज्जाले गर्न सक्छु, चाहे स्कुल, कलेज होस् वा विश्वविद्यालय तहकै किन नहोस् । मन्त्रीज्यू सरल स्वभावको इमान्दार मान्छे हुनुहुन्छ । शुरुमा त म धेरै जिम्मेवारी दिन्छु भन्नुभएको थियो तर किन दिनुभएन, उनलाई नै सोध्नुपर्छ ।

**० तपाईंले खोज्नुभएको जिम्मेवारी पाउनुभएन भने के गर्नुहुन्छ ?**
मलाई मन्त्रीज्यूमाथि पूर्ण विश्वास छ । हाम्रो पार्टीको उन शीर्ष नेता हुनुहुन्छ । असल स्वभावको हुनुहुन्छ । मैले पाउनुपर्ने अधिकार दिनुहुन्छ । अहिले म केही भन्न सक्दिनँ । उन पनि म पनि देशकै हितका लागि यहाँ बसेको छु । मैले पाएको अधिकारबाट अवश्य देशको कल्याण हुन्छ ।

**० महिलालाई राज्यमन्त्री, 'उप'मा मात्र थन्क्याइएको देखिन्छ । क्षमता नै नभएको कि क्षमताको अवमूल्यन भएको ?**
विश्वमा त्यस्तो कुनै काम छैन, जो महिलाले गर्न सक्दैनन् । हाम्रै देशभित्र प्रधानमन्त्रीको गृह, रक्षा मन्त्रालयदेखि मुख्यमन्त्रीसम्म सम्हाल्न सक्ने एक से एक महिला तयार भइसकेका छन् । अवसर नपाएर मात्र वञ्चित भएका हुन् । हामी महिलाले पनि मुख्य भूमिकामा अवसर लिन खोज्दै छौँ तर अवसर नपाएर हामी पछाडि परेका छौँ । यो देशलाई हाँक्ने क्षमता हामीसँग छ तर हामी अवसरबाट वञ्चित छौं ।

**० तपाईंहरूकै पार्टी जसपाभित्र महिलाको अवस्था कस्तो छ ?**
जसपामा स्थानीय तहदेखि केन्द्रीय पदाधिकारीसम्म ११ देखि १२ प्रतिशत महिला छन् । विधान अधिवेशनले स्थानीय तहदेखि केन्द्रीय पदाधिकारीसम्म ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरेको छ । विधानमा त्यो कुरा लेखिएपछि कार्यान्वयन हुनेछ ।


**० हालैको विधान अधिवेशनमा समाजवादीको केन्द्रीय कमिटी ४१५ बाट १५० मा झारिन खोजिएको छ । यसले त पार्टी नै टुटफुट हुन्छ भनिँदै छ नि ?**
हाम्रो पार्टीमा कुनै टुटफुट हुने छैन । नेता–कार्यकर्ताबीच सुमधुर सम्बन्ध । बाहिरी हल्लाको पछाडि हामी लाग्दैनौँ ।

**० गत निर्वाचनमा अन्तर्घात गरेको र उपेन्द्र यादवलाई हराउन भूमिका खेलेको आरोप लागेका १५८ जनालाई कारबाही गर्ने प्रक्रियाबाट अध्यक्ष उपेन्द्र यादव एकाएक किन ब्याक भएको ?**
प्रतिनिधिसभा, प्रदेश सभाको निर्वाचनमा अत्यधिक खर्च हुन्छ । उम्मेदवारले आफ्नो जग्गा बेचेर खर्च लगाएको हुन्छ । कसैसँग ५ लाख पनि हुँदैन । त्यतिबिघ्न मिहिनेत गरेर चुनाव लडेको हुन्छ । आफ्नै पार्टीका नेता–कार्यकर्ता हराउन लागिपर्छन्, असहयोग गर्छन् भने कसरी चुनाव जित्न सकिन्छ ? अनुशासनमा ल्याउन एउटा छानबिन समिति गठन भएको हो । पार्टीले कसैमाथि मर्का पर्ने गरी कारबाही गरेको छैन । सचेतसम्म गराइएको हो । आफ्नो नेता–कार्यकर्तालाई हराउने गरी कुनै क्रियाकलाप नगर्नुहोला भनेर नसिहत मात्र दिइएको हो । त्यसबाट कसैलाई हानि नोक्सानी हुँदैन । नेता कार्यकर्ताको व्यवहारमा सुधार आउँछ ।

**० मधेशमा महिला राजनीतिकर्मीको अवस्था कस्तो छ ?**
कुनै समय घुङ्टमा छोपिएर बस्थे । जब मधेश आन्दोलन भयो तबदेखि हजारौँ महिला कोठाबाट बाहिर आएका छन् । विभिन्न गोष्ठी, तालिममा भाग लिएर विभिन्न पदमा पुगेका छन् । नत्र राजनीतिको नाममा बाहिर निस्कने चलन नै थिएन । राजनीतिबाट धेरै महिला लाभान्वित भएका छन् । मधेशी पुरुषहरू नै राजनीतिमा पछि परेको अवस्थामा मधेशी महिला पछि नपर्ने कुरै भएन । यद्यपि, मधेश आन्दोलनले त्यहाँका महिला राजनीतिक रूपमा जागरुक भएका छन् ।


**० मधेशमा जनमत, रेशम चौधरीको भविष्य ? ती पार्टी कति चुनौतीपूर्ण देख्नुहुन्छ ?**
यी दुबै पार्टी देशको हितकै लागि खुलेका होलान् । रेशम चौधरीले राम्रै गर्न खोज्नुभएको छ । जनमत पार्टीका सिके राउत पढे, लेख्या बुद्धिजीवी तर उनलाई के सल्लाह दिन चाहन्छु भने राजनीतिमा विवेक प्रयोग गर्नु जरुरी छ । कसैको लहैलहैमा लागेर कसैको कुरा सुनेर आफू जति अनुभवी भए पनि अरुको कुरा सुनेर कसैसँग नराम्रो व्यवहार गर्नु, अरु पार्टीलाई गाली गर्नु अरु पार्टीको नेताको मजाक बनाउनु राम्रो कुरा होइन । हामी जति मधेशमा छौं ।
मधेशी लिडरबीच सुमधुर सम्बन्ध हुनुपर्छ । जति सुमधुर सम्बन्ध भयो त्यति नै छिटो मधेशको उत्थान र विकास हुन्छ । मधेशको विकास भएको खण्डमा नेपालको एउटा भागको विकास हुन्छ । यी राष्ट्रिय नेता मधेशसहित देशको विकास गर्नुपर्छ । गठबन्धनबीच सुमधुर सम्बन्ध नभएको हुँदो हो त सरकार बनाउन सक्थे ? पार्टी कुनै खराब हुँदैन, व्यक्ति खराब हुन्छन् । एजेण्डा सबैको देशको हितमा केन्द्रित छ ।

# सेन्सर बोर्डले रोक्यो ‘ओ माइ गड २’




**एजेन्सी ।**
‘आदिपुरुष’ विवादले सतर्क भएको भारतीय सेन्सर बोर्डले अक्षयकुमार स्टारर ‘ओ माइ गड २’ लाई तत्काल प्रदर्शन अनुमति दिन अस्वीकार गरेको छ ।
आदिपुरुषलाई जस्तै विवाद हुन नदिन सेन्सर बोर्डले ‘ओह माइ गड २’ को संवाद र दृश्यमा ध्यान दिंदै पुनः सेन्सर गर्ने भएको छ ।
हिन्दूस्तान टाइम्सका अनुसार सेन्सर बोर्डका सदस्यले फिल्ममा समावेश दृश्य र संवादका कारण भविष्यमा कुनै विवाद नआओस् भनेर सुनिश्चित गर्न खोजेका छन् । भारतीय चलचित्र जाँच समितिको परिमार्जन समितिले पुनः एकपटक फिल्मलाई जाँच गर्ने निर्णय गरेको हो ।
फिल्ममा समावेश कुन संवाद र दृश्यलाई लिएर सेन्सर बोर्डले आपत्ति जनायो भन्ने कुराको यकिन छैन । यद्यपि सेन्सर बोर्डअन्तर्गतको रिभिजन कमिटीले आगामी अगस्ट ११ मा फिल्मलाई प्रदर्शन अनुमति दिने वा नदिने भन्नेबारे निर्णय गर्नेछ ।इन्डिया टुडेमा प्रकाशित समाचार अनुसार भारतीय सेन्सर बोर्ड आदिपुरुषमा भएको गल्तीलाई दोहो¥याउने पक्षमा छैन । यसकारण पनि उसले पुनः एकपटक फिल्मका दृश्य र संवादलाई सूक्ष्म रुपले हेर्न चाहेको हो ।
स्रोतले इन्डिया टुडेलाई बताएअनुसार ‘ओ माइ गड २’ मा समावेश संवाद र दृश्यको सम्भावित विवादबाट बच्न बोर्डले ‘पूर्वविधिका उपाय’ अपनाइरहेको छ ।
‘यदि भगवान र धर्मसँग सम्बन्धित कुनै दृश्य र संवाद छन् भने समीक्षा र संसोधनका लागि रिभिजन कमिटीमा पठाइने छ,’ स्रोतले भन्यो ।
गत महिना रिलिज भएको ‘आदिपुरुष’का केही संवादलाई लिएर भारतभर चर्को आलोचना भएको थियो ।
विवाद चर्किएपछि उक्त फिल्मको प्रदर्शन नेपालमा समेत रोकिएको थियो ।
यसकारण ओमएमजीबाट परेश रावल अलग भए
’ओ माइ गड’ सन् २०१२ को सर्वाधिक मनपराइएको बलिउड फिल्म हो। अभिनेता अक्षय कुमार, परेश रावल र मिथुन चक्रवतीको मुख्य भूमिका रहेको यो फिल्ममा परेश रावलको चरित्रलाई विशेष मन पराइएको थियो । तर यो फिल्मको सिक्वलमा परेश रावल देखिएनन्। उनको ठाउँमा पंकज त्रिपाठीले अभिनय गरेका छन् ।
११ जुलाईमा फिल्म ’ओ माइ गड २’ को टिजर सार्वजनिक भएको छ। सार्वजनिक टिजरमा परेश नदेखिएपछि दर्शकले सामाजिक सञ्जालमार्फत परेशलाई फिल्ममा किन नलिएको भन्दै प्रश्न गरिरहेका छन् । ’ओ माइ गड २’ घोषणा हुँदै परेशले भनेका थिए, ’मलाई फिल्मको कहानी मन परेन त्यसैले फिल्म खेलिनँ । मलाई एकै भूमिका निभाउन मजा लाग्दैन ।’
अमित राय लिखित तथा निर्देशित फिल्म ’ओ माइ गड २’ मा पंकजसँगै अक्षय कुमार र यामी गौतमको मुख्य भूमिका छ। फिल्ममा पंकजलाई आस्तिक र अक्षयलाई भगवान शिवको रूपमा प्रस्तुत गरिएको छ ।
यो फिल्म अगस्ट ११ देखि प्रदर्शन हुँदैछ । यहि मितिमा सनी देओल र अमीषा पटेलको फिल्म ’गदर २’ पनि प्रदर्शन हुनेछ । सन् २०१२ मा प्रदर्शन भएको फिल्म ’ओ माइ गड’ बक्स अफिसमा हिट भएको थियो। फिल्ममा परेश रावलले भगवानलाई अदालतमा मुद्दा हालेका थिए ।

# फिल्मी स्टारका बर्डिगार्डको यति हुन्छ तलब



**एजेन्सी**
बलिउडका ए लिस्ट सेलिब्रेटीहरू शाहरुख खान, सलमान खान, अमिताभ बच्चन, अक्षय कुमार, अनुष्का शर्मा र दीपिका पादुकोणले आफ्नो ठूलो फ्यान फलोइङको कारण बाहिर निस्कँदा थप सावधानी अपनाउनुपर्छ ।
यी स्टारहरु प्रायः तिनीहरूका अंगरक्षकहरूले चौबिसै घन्टा सुरक्षा गरिरहेका हुन्छन । कहिलेकाहीँ तिनीहरूले आफ्नै सुरक्षा बढाउँछन् र यसको लागि राम्रो भुक्तानी गरिरहेका हुन्छन । आज हामी सबैभन्दा धेरै तलब पाउने सेलिब्रेटी अंगरक्षक र तिनीहरूको तलबका बारेमा जानकारी दिनेछौं । शाहरुख खानका बडीगार्ड रवि सिंह सबैभन्दा धेरै पारिश्रमिक लिने सेलिब्रेटी बडीगार्ड रहेको बताइएको छ । रिपोर्टका अनुसार शाहरुखका बडीगार्डले वार्षिक २.७ करोड अर्थात् प्रति महिना करिब १७ लाख भारु लिन्छन ।सलमान खानका अंगरक्षक शेरा कुनै सेलिब्रेटीभन्दा कम छैनन् र करिब २९ वर्षदेखि अभिनेतासँग छन् ।
शेराले एक महिनामा करिब १५ लाख अर्थात् वार्षिक २ करोड भारतीय रुपैयाँ कमाउँछन् ।
अक्षय कुमारका अंगरक्षक श्रेयसे थाले अभिनेतालाई सधैं साथ दिन्छन् र सबै सार्वजनिक कार्यक्रमहरूमा कुनै पनि खतराबाट बचाउँछन्। श्रेयसे ठेलेले चर्चित अभिनेताका छोरा आरवको पनि सुरक्षा गर्छन् । मिडिया रिपोर्टका अनुसार अक्षय कुमारले आफ्नो अंगरक्षकलाई वार्षिक १.२ करोड भारु पारिश्रमिक दिने गरेका छन् । अमिताभ बच्चनका अंगरक्षक जितेन्द्र शिन्दे जसले अभिनेताको लागि अगस्त २०२१ सम्म काम गरे। उनलाई अभिनेताले वार्षिक १.५ करोड भारु पारिश्रमिक दिने गरेको बताइएको छ । आमिर खानको साथमा उनका विश्वासपात्र अंगरक्षक युवराज घोरपडे सधैं हुन्छन् । रिपोर्टका अनुसार उनको वार्षिक तलब २ करोड भारतीय रुपैयाँ रहेको छ ।
दीपिका पादुकोण सधैं आफ्नो व्यक्तिगत अंगरक्षक जलालसँग देखिन्छन्, जो धेरै वर्षदेखि उनीसँग छन्।
जलालको वार्षिक तलब १.२ करोड वार्षिक रहेको बताइएको छ । अनुष्का शर्माका अंगरक्षक प्रकाश सिंह उर्फ सोनु अभिनेत्रीको सुरक्षा मात्र गर्दैनन्, विराट कोहली र उनकी छोरी वामिकाको सुरक्षाको पनि जिम्मेवारीमा छन् । रिपोर्ट अनुसार, सोनूले वार्षिक १.२ करोड भारु कमाउँछन् । राम सिंह टलिउड सर्किटमा परिचित छन् र वर्षौंदेखि अभिनेता प्रोसेनजीत चटर्जीको सुरक्षाको जिम्मेवारीमा छन्। रिपोर्टका अनुसार राम सिंहले वार्षिक ८० लाख रुपैयाँ कमाउँछन् ।

# शाहरुखको पाँच फिल्म जसमा थियो दोहोरो भूमिका




**एजेन्सी**
शाहरुख खानको फिल्म ‘जवान’ को रिलिजको लागि फ्यानहरु उत्सुकताका साथ पर्खिरहेका छन् । फिल्मबाट उनको लुक सार्वजनिक भएको छ, जसलाई देखेर उनका फ्यानहरु निकै उत्साहित हुन पुगेका छन् ।
जान्नुहोस् ‘जवान’ अघि कुन–कुन फिल्ममा किंग खानले गरे त डबल रोल ?
पहेलीः सन् २००५ मा रिलिज भएको यो फिल्ममा शाहरुख खानले दोहोरो भूमिका निभाएका थिए । उनले राजस्थानी व्यापारी र भूतको भूमिका निभाएका थिए ।
१२ करोडमा बनेको यो फिल्मले बक्स अफिसमा खास केही देखाउन सकेन तर आफ्नो लागत उठाउन भने अवश्य सफल भयो ।
डनः शाहरुख खानको यो फिल्म सन् २००६ मा रिलिज भएको थियो र यसले बक्स अफिसमा आतंक मच्चाएको थियो । यस फिल्ममा शाहरुख खान डबल रोलमा देखिएका थिए । ३८ करोडको बजेटमा बनेको यो फिल्मले बक्स अफिसमा १०६ करोडको व्यापार गरेको थियो ।
रा वनः सन् २०११ मा रिलिज भएको रा वन चर्चामा थियो । यसमा शाहरुख खानले वैज्ञानिक र रोबोटको भूमिका निर्वाह गरेका छन् । यस फिल्मका निर्माता शाहरुख खान स्वयं थिए ।
यसलाई बनाउन १३० करोड खर्च भएको थियो भने फिल्मले विश्वभर २०० करोडभन्दा बढी कमाएको थियो ।
फ्यानः शाहरुख खानले सन् २०१६ मा ‘फ्यान’ मा काम गरेका थिए, जुन एक फरक र नयाँ फिल्म आउट अफ द बक्स थियो। मनीष शर्मा निर्देशित यो फिल्मले बक्स अफिसमा नराम्रो कमाई गरेको थियो । यसमा उनले आफ्नै भूमिका निर्वाह गरे र उनको चरित्रको फ्यान पनि बने ।
डुप्लिकेटः महेश भट्टको यो फिल्म सन् १९९८ मा रिलिज भएको थियो, जसमा शाहरुख खानले नायक र भिलेनको भूमिका निर्वाह गरेका थिए। तर यो फिल्मलाई दर्शकले खासै मन पराएनन् र बक्स अफिसमा फ्लप भयो । यस फिल्ममा जुही चावला र सोनाली बेन्द्रे पनि थिइन् ।

# हलिउड कलाकारको वार्ता असफल




एजेन्सी ।
स्टुडियो र स्ट्रिमिङ कम्पनीसँग हलिउड कलाकारको बहुप्रतीक्षित वार्ता असफल भएको छ । वार्ता निष्कर्षविहिन भएसँगै हलिउडका एक लाख ६० हजारभन्दा बढी फिल्म र टेलिभिजन कलाकार शुक्रबारदेखि हड्तालमा उत्रिने भएका छन् । सीएनएनका अनुसार सन् १९८० पछि पहिलोपटक कलाकार हड्तालमा उत्रिन लागेका हुन् ।
कलाकारको छाता संस्थाले सम्झौताका लागि बुधबार मध्यरातसम्मको समयसीमा दिएका थिए । तर वार्ता निष्कर्षविहिन भएपछि कलाकार आन्दोलनमा उत्रिने पक्का भएको हो । कलाकारको छाता संस्था साग र आफ्ट्राका अध्यक्ष फ्रान डेचरले विज्ञप्ति जारी गर्दै वार्तामा कलाकारप्रति स्टुडियो व्यवस्थापकको व्यवहार निन्दनीय र अपमानजनक भएको बताएका छन् ।
‘कम्पनीले अर्थपूर्ण रुपमा केही विषयमा संलग्न हुन अस्वीकार गरेका छन् । अरु केही विषयमा पनि उनीहरु सहमत हुन सकेनन्,’ उनले भने, ‘जबसम्म उनीहरुले राम्रो विश्वासका साथ वार्ता गर्दैनन्, तबसम्म हामी सम्झौतामा पुग्न सक्दैनौं ।’ युनियनले यसको वार्ता समितिले सर्वसम्मत रुपमा हड्तालको सिफारिस गरेको जनाएको छ ।हड्तालको औपचारिक घोषणा गर्नका लागि लस एन्जलसस्थित कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरिएको छ । युनियनका ९८ प्रतिशत सदस्यले हड्तालमा जानुपर्ने पक्षमा मतदान गरेका छन् । स्टुडियो र स्ट्रिमिङ सेवाहरूको प्रतिनिधित्व गर्ने निकायले हड्ताल गर्ने निर्णयमा ‘गहिरो निराशा’ भएको उल्लेख गरेको छ । उसले कलाकारलाई तलब वृद्धिको प्रस्ताव गरेको जनाएको छ ।
‘वार्तालाई जारी राख्नुको सट्टा ती कलाकार संघसंस्थाले हजारौंको आर्थिक अवस्थालाई अझै कठिन बनाउने बाटोमा हिंडेका छन्,’ मोशन पिक्चर र टेलिभिजन निर्माताहरूको संस्थाले विज्ञप्तिमा भनेका छन् । हलिउड कलाकारले अब राइटर्स गिल्ड अफ अमेरिकाका ११ हजारभन्दा बढी सदस्यहरुसँग सहकार्य गर्नेछन्, जो मेको सुरुदेखि नै एउटै स्टुडियोहरू विरुद्ध हड्तालमा छन् ।कलाकारहरु पारिश्रमिक वृद्धि गर्नुपर्ने र कृत्रिम बौद्धिकता (एआई)लाई नियमन गर्नुपर्ने लगायतका माग राख्दै आन्दोलनमा उत्रिन लागेका हुन् ।

# आदिपुरुषको असफलतापछि रामायणको तयारीमा तिवारी




एजेन्सी ।
निर्देशक नितेश तिवारी हिन्दु महाकाव्य रामायणबारे फिल्म बनाउँदै छन् । फिल्म आदिपुरुषबारे भएको विवादपछि अब निर्देशकले मिडियासँग कुरा गर्दै आफूले बनाएको फिल्मले कसैको पनि भावना आहत नहुने बताएका छन् ।
मिडिया रिपोर्टका अनुसार फिल्मका लागि उनले राम सीताको रूपमा रणबीर कपुर र आलिया भट्टलाई मुख्य भूमिकामा छनोट गरेका छन् । यद्यपि, निर्देशकको तर्फबाट हालसम्म आधिकारिक घोषणा भने भइसकेको छैन ।
जुम इन्टरटेन्मेन्टसँग कुरा गर्दै ओम राउतको फिल्म आदिपुरुषबारे भएको विवादपछि रामायणमा आधारित भएको फिल्म बनाउने निर्णय किन फिर्ता नलिएको भनेर जानकारी दिए । साथै, निर्देशकले यो फिल्ममा राम–सीताको भूमिकामा रणबीर–आलियालाई कास्ट गर्ने विषयमा पनि कुराकानी गरे । आदिपुरुषमाथि भएको विवादपछि यो प्रोजेक्टबाट पछि हट्ने वा यसलाई केही दिनका लागि स्थगित गर्नेबारे सोच्नुभएको छ भनेर सोधिएको प्रश्नमा नितेशले भने, ‘मेरो प्रश्न एकदम साधारण छ । जुन सामग्री म आफैँ निर्माण गर्छु, अरू मानिससँगै म पनि त त्यसको उपभोक्ता हुँ ।’‘यसै कारण म यो कुराका लागि पूर्ण रूपमा कन्फिडेन्ट छु कि म जुन फिल्म बनाउँछु, त्यसले कसैको पनि भावनामा ठेस पु¥याउने छैन । उपभोक्ताको रूपमा कस्तो खालको सामग्री हेर्न चाहन्छु भनेर मलाई राम्रोसँग थाहा छ ।’फिल्मको कास्टमा रणबीर–आलियाको नाम फाइनल गरिसकेको विषयमा हालसम्म कुनै आधिकारिक घोषणा गरिएको छैन । नितेशले कास्टको विषयमा छिट्टै आधिकारिक घोषणा गरिने बताए । निर्देशकले रावणको भूमिकामा केजीएफ अभिनेता यश उर्फ नविन कुमार गौडालाई छानेका थिए । यद्यपि, यशले नकारात्मक भूमिकामा अभिनय गर्न अस्वीकार गरे । यसअघि ऋतिक रोशनलाई रावणको भूमिकामा कास्ट गरिने जानकारी सार्वजनिक भएको थियो तर प्रोजेक्ट ढिलो भइरहेको कारण ऋतिक रोशनले यो भूमिका निभाउन अस्वीकार गरिदिए ।
यस्तै, रणबीरलाई रामको भूमिका दिइनेबारे कङ्गना रनोटले आपत्ति जताएकी थिइन् । उनले लागु औषध दुर्व्यसनीलाई रामको भूमिका दिन नहुने बताएकी थिइन् ।

# 'सिँचाइ मन्त्रीजी, तपाईं नसुत्नुस्'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सत्तारुढ जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादवले मनसुनको समय भएपनि पर्सा जिल्लामा पानीको समस्या रहेको बताएका छन् ।
शुक्रबार प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सांसद यादवले गण्डक नहरमा जसरी पानी आउनुपर्ने थियो, त्यसमात्रामा पानी नआइरहेको बताए ।
पूर्वमन्त्रीसमेत रहेका प्रमुख सचेतक यादवले राज्यले सम्झौता गरे अनुसार नहरमा पानी नछोडिएको र किसानको खेतहरुमा जाने सहायक नहरहरुको पनि सफाइ नभएका कारण किसानको खेतसम्म पानी पुग्ने अवस्था नरहेको प्रति ध्यानाकर्षण गराए ।
प्रमुख सचेतक यादवले भने, 'ऊर्जा तथा सिँचाइ मन्त्रीको ध्यानाकर्षण गराउँदै भने,'तपाई नसुत्नुस, तपाई काठमाडौँमुखी नहुनुस्, काठमाडौँको चार किल्लाको दायरामा नरहनुस् । तपाई मदेसलाई पनि हेर्नुस्, त्यहाँको सिँचाइको अवस्थालाई पनि हेर्नुस् । त्यहाँका जनता कति मारमा छ त्यो पनि हेर्नुस्, काठमाडौँमा बसेर, मन्त्रालयमा बसेर हुँदैन ।
सिंहदरबारको आँखा गाउँतिरपनि जाओस्, मधेशतिर पनि जाओस् । आज रोपाईको बेलामा किसानको बिउँहरू सुकिरहेको छ, पानी छैन भने अब रोपाइँ कसरी हुन्छ ?'
प्रमुख सचेतक यादवले सिँचाइका लागि नहरको सफाइ किन नभएको भन्दै प्रश्न गरे । उनले विगतमा नहर सफा हुने गरेपनि यस पटक किन नभएको बताउँदै सुपरभाइजरहरुले ध्यान दिनु पर्दैन भन्दै ऊर्जा मन्त्रीलाई प्रश्न गर्दै ध्यानाकर्षण गराए ।

# प्रदेशलाई यसै आर्थिक वर्षभित्र पूर्ण खोप घोषणा गरिन्छः मन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र प्रसाद सिंहले मधेश प्रदेशलाई यसै आर्थिक वर्ष भित्र पुर्ण खोप प्रदेश घोषणा गर्ने प्रतिवद्धता जनाएका छन् ।
धनुषाको कमला नगरपालिकालाई पुर्ण खोप नगर घोषणा गर्दै मन्त्री सिंहले मधेश प्रदेशको १ सय ११ पालीका पुर्ण खोप पालिका घोषणा भइसकेको र बाकी रहेको २५ वटा पालिका आउदो ६ महिना भित्रै पुर्ण खोप पालिका घोषणा गरिने बताए । उनले मधेश प्रदेशमा हरेक चिजको सहज उपलव्धता भएपनि सवै प्रदेश मध्ये हाम्रै प्रदेश पछि परेको बताउदै यसका लागि सबैजनालाई गम्भीर हुनुपर्ने समय आएका बताए ।
उनले भने,'सातवटै प्रदेशमा स्वास्थ्य क्षेत्र,शिक्षा र गरिवीमा आफनो प्रदेश पछाडी रहेको छ,हरेक चिजको सहज उपलव्धता भएपनि हामी सवै क्षेत्रमा पछाडी परेका छौँ,यसका लागि प्रतयेक नागरिकलाई एकजुट भएर स्वास्थ,शिक्षीत र समृद्ध प्रदेश बनाउनका लागि जिम्मेदवारी बोध गरेर अगाडी बढनुपर्छ । उनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशवासीलाई विशिष्टिकृत सेवा दिन प्रतिवद्ध रहेकोले यसमा सबैको साथ र सहयोगका आवश्यकता रहेको बताए । कमला नगरपालिकाले आयोजना गरेको पुर्ण खोप नगर तथा सुनिश्चितता कार्यक्रममा कमला नगरपालिकाका मेयर विशेश्वर यादव,स्वास्थ्य सचिव प्रमोद कुमार यादव,जिल्ला समन्वय समितिका रामनन्दन मण्डल,उपमेयर शिला देवी मण्डल लगायतको उपस्थिती रहेको थियो ।

# 'भुटानी शरणार्थी प्रकरणमा निर्णय गर्ने प्रधानमन्त्रीलाई समातियोस्'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वतन्त्र सांसद अमरेशकुमार सिंहले नक्कली शरणार्थी प्रकरणमा निर्णय गर्नेलाई नसमातिएको भन्दै सरकारमाथि खनिएका छन् । उनले मन्त्रिपरिषद्बाट निर्णय गरेर प्रधानमन्त्रीलाई समात्नुपर्नेसमेत बताएका छन् ।
शुक्रबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद सिंहले सन्देश शर्माको अडियो सोही व्यक्तिको रहेको भनेर प्रहरीले प्रमाणित गरेपनि त्यसमा किन कारबाही गरिएन भन्दै प्रश्न गरे । उनले शारदा प्रसाद त्रिताल आयोगको प्रतिवेदन रहेको बताउँदै सो प्रतिवेदन किन सार्वजनिक नगरिएको भन्दै प्रश्न गरे ।
स्वतन्त्र सांसद सिंहले भने–'किन सार्वजनिक गरिएन भने त्यसमा नेताहरुको नाम छ, त्यसकार त्रिताल आयोगको प्रतिवेदन सार्वजनिक गरिएन । त्यसको बाबजुतपनि अर्को छानबिन समिति गठन भएको थियो पूर्व न्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा । त्यसले पनि भूमिसुधार मन्त्रालयमा ३३ वटा प्रतिवेदन दिएको छ । सबै ठाउँमा नेताहरुको संलग्नतामा सरकारी जग्गा र गुठीको जग्गा मिचिएको छ र त्यो रिर्पोटलाई पनि कार्पेटमुनी लुकाइएको छ । साँच्चै सरकार भ्रष्टाचारविरुद्ध संवेदनशील छ भने जति अध्ययन खोज भएको छ, ति रिर्पोटहरु सार्वजनिक गरोस् । कि सभामुखज्यूबाट रुलिङ होस, म नै यो सदनको सबै सांसदहरुलाई त्यो रिपोट दिन्छु, त्यो दुबै रिपोट मसँग छ ।'
उनले सरकारले रिपोट बनाउने र आफ्नो मान्छे फस्न लाग्यो भने रिपोट सार्वजनिक नगर्ने प्रवृत्ति मौलाउँदै जाने बताए । उनले नेपालमा सानालाई ऐन र ठूलालाई चैनको अवस्था रहेको बताउँदै निर्णय प्रक्रियामा सहभागी हुनेलाई कारबाही गर्न आग्रह गरे ।

# गाँजासहित दुई पक्राउ





**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा दुई जना युवकलाई लागुऔषकसहित पक्राउ गरेका छन् ।
जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर १० स्थित चेतनगर बजारबाट लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको हो ।
लागूऔषध गाँजासहित पक्राउ पर्नेमा सर्लाही गोडैता नगरपालिका वडा नम्बर ३ का किसन ठाकुर र रौतहटको बृन्दावन नगरपालिका वडा नम्बर ९ का हरिन्द्र साह रहेको ईलाका प्रहरी कार्यालय चन्द्रनगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोईरालाले बताएका छन् । प्रहरी चौकी चेतनगरको टोलिले चेकजाँचको क्रममा १३ वटा प्लास्टिकको पोकामा लुकाएर राखिएको लागूऔषध गाँजा बेच्दै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक कोइरालाले बताए ।
सर्लाही घर भएका ठाकुर चेतनगर बजारमा लामोसमय देखि कपाल काट्ने सैलुन खोलेर बस्दै आएका थिए ।
पक्राउ परेका दुवै जनालाई लागुऔषधसम्बन्धी मुद्दामा शुक्रबार अदालतबाट म्याद थपेर थप अनुसन्धान सुरु गरिएको उनले बताए ।

# वीरगंजमा भानुभक्तको शालिक अनावरण




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा आदिकवि भानुभक्त आचार्यको शालिक स्थापनाका लागि विवाद भईरहँदा वीरगंज महानगरपालिकाले भने शानदाररुपमा शालिक अनावरण गरेर आपसी भाइचाराको समाजिक सदभावलाई थप बलियो बनाएको छ ।
मधेश आन्दोलनको क्रममा दुई समुदाय बीचको दुरी बढाउने तत्वहरुको एक समहुले आदिकवी भानुभक्त आचार्यलाई समेत लक्षित गर्दै भानुभक्तको शालिक तोडफोड गरेको थियो ।
मधेश आन्दोलन सम्पन्न भई आन्दोलनकारीहरु सत्ताको स्वाद चाखिरहँदा आन्दालेनका धँगधँगी भएकाहरुको एक समुहले अझैपनि जनकपुरधाममा साम्प्रादायिक हो–हल्ला गर्दै अवरोध गरी भानुभक्तको शालिक निर्माण कार्यलाई रोकेको समयमा वीरगंज महानगरपालिकाले समाजिक सद्भाव र सांस्कृतिकको महत्वलाई झल्काउँदै भानुभक्तको शालिक साविककै स्थानमा ठड्याएका छन् ।
वीरगंजमा २ सय १० औँ भानुजयन्तीको अवसरमा आदिकवि भानुभक्त आचार्यको प्रतिमासहितको अर्धकदको शालिक अनावकरण गरिएको छ ।
शुक्रबार भानु चोकमा वीरगंज महानगरपालिकाले निर्माण गरेको भानुभक्तको प्रतिमासहितको शालिक अनावरण गरिएको हो ।
वरिष्ठ साहित्यकार भवानी क्षेत्री र वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले संयुक्तरुपमा शालिकको अनावरण गरेको हो ।
मधेश आन्दोलनको क्रममा वीरगंजको बाईपास सडक खण्ड, लिंकरोड र बसपार्क चोकको मध्यभागमा रहेको आदिकवि भानुभक्तको अर्धकदको शालिक तोडफोड भएको थियो ।
वीरगंज महानगरपालिकाको मेयरमा राजेशमान सिंह निर्वाचित भएसँगै यस स्थानमा आदिकवि भानुभक्तको शालिकको निर्माण गरी अनावरण गरिएको छ । प्रतिमा अनावरण गर्दै वीरगंज महानगरपालिकाका मेयर सिंहले आदिकवि भानुभक्त आचार्यले संस्कृतिमा लेखिएको रामायणलाई नेपाली भाषामा अनुवाद गरेर सरलीकृत गरी धार्मिक संस्कृतिको प्रचारप्रसारमा समेत महत्वपूर्ण योगदान पु¥याएको बताए ।
बहुभाषाभाषी हाम्रो मुलुकका जनतामा परस्पर सम्बन्ध सूत्र जोड्न आधार निर्माण गर्ने प्रमुख व्यक्तिको रुपमा आदिकवि भानुभक्तको योगदान महत्वपूर्ण रहेको भन्दै आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा रामायण, बधुशिक्षा, भक्तिमालालगायतका साहित्य ग्रन्थहरु सान्दर्भिक रहेको बताए । उनले भानुभक्तका योगदानको स्मरणसँगै सम्मान गर्ने परम्परा अगाडि बढाउँदा अन्य भाषाभाषी संस्कृतिको समेत संरक्षण र संवद्र्धनमा सबैको ध्यान केन्द्रित हुने विचार व्यक्त गरे । भानु जयन्तीकै अवसरमा वीरगंजमा नारायणी वाङ्मय प्रतिष्ठान र लक्ष्मी साहित्य समाजले कविता वाचन प्रतियोगिता र पुरस्कार वितरण कार्यक्रमको समेत आयोजना गरेका थिए । बसपार्कमा भानुको शालिक अनावरण र माल्यार्पण कार्यक्रमपछि झाकी जुलुस बाजागाजा सहित निस्किएको प्रभात फेरीले नगर परिक्रमा गरेको थियो । कार्यक्रममा मधेस विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्य, साहित्यकार डाक्टर विश्वम्भर शर्मा, लक्ष्मी साहित्य समाजका अध्यक्ष महेशचन्द्र गौतम लगायतको सहभागिता रहेको थियो ।

# श्रद्धाञ्जली सभा सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
राष्ट्रिय तत्मा समाज नेपालले आयोजना गरेको श्रद्धाञ्जली सभामा वक्ताहरुले स्वर्गीय रामपरी दासको योगदानको बारेमा चर्चा गरिएको छ ।
शुक्रबार समाजका अध्यक्ष रामाशिष दासको अध्यक्षतामा आयोजना गरिएको श्रद्धाञ्जली सभामा उपस्थित वक्ताहरुले स्वर्गीय रामपरी दास अत्यन्त धार्मिक नारी रहेको र उनले आफ्ना सन्तानलाई कठिन परिस्थितिमा पनि आफनो सन्तानलाई शिक्षा दिनमा कुनै कसर नछोडेको भनि चर्चा गरेका थिए ।
वक्ताहरुले गरिवीमा पनि राजनीतिमा प्रवेस गरेका दुवै छोरालाई हौसला दिने काम गरेको समाजका लागि यस्ता नारी सबैका लागि उदाहरणीय हुन भनेर चर्चा गरेका थिए । श्रद्धाञ्जली सभामा राष्ट्रिय तत्मा समाज नेपाल धनुषा काजिल्ला अध्यक्ष राजदेव दास, जनकपुरधाम उपमहानगरपालिका का कार्यपालिका सदस्य सञ्जु दास, सुरेश दास, रामप्रित दास, राजदेव दास, लक्ष्मी दास, महादेव दास, दुखरण दास, योगेन्द्र दास, ब्रह्मदेव दासलगायतले श्रद्धाञ्जली अर्पण गरेका थिए ।
स्वर्गीय रामपरी दास मधेश प्रदेशका सांसद तथा नेकपा एमाले पार्टीका सचेतक रामलखन दास र विदेह नगरपालिकाका मेयर बेचन दासकी आमा हुन् । उनको ८९ वर्षको उमेरमा असार २१ गते निधन भएको थियो ।

# अनुचित लेनदेन उजुरी फस्यौंटका लागि कार्यदल

**मधेशदृष्टि**
**वीरगञ्ज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा दर्ता भएका अनुचित लेनदेन मिटरब्याज सम्बन्धी उजुरीलाई छिटो फर्स्योट गर्नका लागि दुईवटा कार्यदल बनाएको छ ।
यस कार्यदल गठन गरिएपछि धमाधम मुद्दा फर्छ्योट गरिने भएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल र शिव लम्सालको छुट्टाछुटै टोलीले प्रशासनमा दर्ता भएका १ हजार ३ सय २१ उजुरी मध्ये १ सय ३३ वटा उजुरी फर्स्योट गरी सकेको छ भने दुई वटा उजुरीमा मुद्दा दर्ता गरेको छ ।
प्रशासनमा दर्ता भएका उजुरी मध्ये अहिले ३ सय ३९ वटा उजुरीमा छलफल भई रहेको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिए ।
मिटरब्याजीविरुद्ध हालसम्म अनलाइनबाट नयाँ उजुरी दर्ता हुने क्रम समेत जारी रहेको र पुराना उजुरीको सम्बन्धमा छानबिन भईरहेको लम्सालले बताए ।
जिल्ला प्रशासन कार्यालयमा परेको उजुरीको छानबिनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम प्रयास गर्ने गरिएको जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले बताए ।
अहिलेसम्म जिल्ला प्रशासन कार्यालयमा पिडितले दिएको उजुरीको आधारमा फर्स्योट भएका मुद्दालाई हेर्दा पिडितले दिएको उजुरीमा १ करोड ५२ लाख १० हजार दावी गरिएको , यता साहुले सोही उजुरीमा ५ करोड ११ लाख १० हजार दावी गरेको अवस्थामा प्रशासनले निष्पक्ष छानविन गर्दा ३७ लाख ७१ हजार १ सय लेनदेन भएको प्रमाण भेटिएपछि सोही आधारमा मुद्दा छिनोफानो गरिएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए । त्यस्तै मुद्दाको छिनोफानोको क्रममा साहुले ऋण लिनेको दृष्टिबन्धक, रोक्का राखेको २ विगाहा १९ कठ्ठा १६ धुर जग्गा समेत फुकुवा गरी पिडितको पक्षमा न्याय दिईएको लम्सालले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन